'खप्तड बाबाको विचार र चिन्तनले सही मार्गमा हिंड्ने प्रेरित गर्छ' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ •अंक ३२१ • २०८२ साल बैशाख ५ गते शुक्रबार (18 April, Friday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## अध्यक्ष साह नै किर्ते जालसाजी

**टुडे समाचारदाता**

जनकपुरधाम । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साहले किर्ते हस्ताक्षर गरेको आरोप लागेको छ।

परिषद्का कार्यकारी निर्देशक वैद्यनाथ पासवानले अध्यक्ष साहले आफ्नो किर्ते हस्ताक्षर गरी कर्मचारी निलम्बन गरेको बताए पछि सो रहस्य खुलेको छ।

वितेको चैत २७ गते कार्यकारी निर्देशक पासवानले जिल्ला प्रशासन कार्यालय धनुषामा अध्यक्ष साहले किर्ते हस्ताक्षर गरी चारजना कर्मचारीलाई निलम्बन गरेको उजुरी दिएका थिए । सो उजुरी प्रशासन कार्यालयले जिल्ला प्रहरी कार्यालय धनुषामा पठाए पनि हालसम्म भने दर्ता नगरिएको भन्दै कार्यकारी निर्देशक पासवानले गुनासो गरेका छन् ।

कार्यकारी निर्देशक पासवानले भने, 'मेरो हस्ताक्षर किर्ते गरेको भनेर जिल्ला प्रहरी कार्यालय धनुषामा जिल्ला प्रशासन कार्यालयमार्फत उजुरी दिँदा पनि प्रहरीले दर्ता नगरी आलटाल गरिरहेको छ ।' उनले



भने, 'किर्ते हस्ताक्षर गरी चार जना कर्मचारीलाई निलम्बन गरेको छ, तर मैले चार जनालाई नै डिउटी गराइरहेको छु ।' किनभने अध्यक्ष पदको दुरुपयोग गर्दै शीतल साहजीले मेरो हस्ताक्षर किर्ते गरेर जालसाजी र ठगी गर्ने काम गरेको छ, जुन सह्य छैन ।'

उनले अघि थप्दैं भेन, केही दिन अघि उच्च अदालत जनकपुरमा पनि अध्यक्ष साहले मेरो हस्ताक्षर किर्ते गरेको भनेर प्रष्ट गरेको छु ।'

निलम्बित चारै जना जना कर्मचारी परिषद्को कार्यालयमा हाजिरी गरिरहेका छन् ।

केही महिना अघि परिषद्की लेखा अधिकृत सावित्री गिरिले उच्च अदालत जनकपुरमा अध्यक्ष शीतल साहविरुद्ध उजुरी दिँदा अध्यक्ष साहले कार्यकारी निर्देशक पासवानको हस्ताक्षर किर्ते गरी निलम्बन गरेको भनि अदालतमा पत्र दिएका थिए ।

सो क्रममा कार्यकारी निर्देशक पासवानले उच्च अदालतमा अध्यक्ष साहले आफ्नो हस्ताक्षर नै किर्ते गरेको भनि बताएका थिए ।

किर्ते हस्ताक्षरबाट लेखा अधिकृत सावित्रि गिरिलगायत चारजनालाई निलम्बन पत्र थमाएका थियो ।

दुई आर्थिक वर्षदेखि परिषद्को सम्पूर्ण कामकाज नै ठप्प रहे पनि अध्यक्ष साहकै कारणले परिषद् पटक पटक विवादित बन्दै आइरहेको छ ।

नेकपा एकीकृत समाजवादीको कोटाबाट परिषद्को अध्यक्ष बने पनि फेरिएको राजनीतिक समीकरणसंगै उनी नेकपा एमालेमा प्रवेश गरी अध्यक्ष पद जोगाउन सफल भए ।

तर दुई वर्षदेखि सम्पूर्ण कामकाज नै ठप्प हुँदा पनि उनी किर्ते हस्ताक्षर, कर्मचारीमाथि दुर्व्यवहार, आर्थिक अनियमतिता, अपारदर्शीताजस्ता कतुर्तहरु गरी कर्मचारीको नै मानमर्दन गर्दै आइरहेको आरोप उनीमाथि लागिरहेको छ ।

# 'बिचौलियाको बिगबिगी टाउको दुखाइ बन्यो'

## योजना किनबेच, कार्यान्वयनमा ढिलाइ र गुणस्तरमा प्रश्न

**रञ्जन यादव**

बारा । मधेश प्रदेशको बजेटमा समेटिएका पूर्वाधार विकास योजना अहिले बिचौलियाको चपेटमा परेको छ । विशेष गरी पूर्वाधार विकास कार्यालय बारामा योजनाको कमिसनमा किनबेच हुने प्रवृत्तिले जरा गाडेको आम गुनासो बढ्दै गएको छ ।

स्थानीय स्रोतका अनुसार योजना कार्यान्वयन गर्नुको साटो बिचौलियाहरूले योजना 'बेच्ने' प्रक्रिया अघि बढाएका छन् । उनीहरूले ठेकेदारसँग कमिसनको दर नमिल्दासम्म योजना अघि नबढाउने प्रवृत्तिले कामको गुणस्तरीयतामाथि प्रश्न उठ्न थालेको छ ।

यसैबीच जीतपुरसिमरा उपमहानगरपालिकामा पर्ने सिमरा धर्मशालादेखिबौद्धगुम्बासम्मनालासहितको सडक स्तरोन्नति योजनाको उपभोक्ता समिति गठनका लागि एक जना बिचौलिया पत्र लिएर तीन महिना अघि बढेका थिए । तर सो ५० लाख रुपैयाँको योजना कार्यान्वयनको सट्टा योजनाको पत्र पाएको बिचौलिया ठेकेदार खोज्न वा कमिसनको मोरमोलाइमा व्यस्त भइदिँदा, योजनाले गति लिन नसकेको बताइन्छ । त्यसपछि सो




योजनाको पत्र पूर्वाधार विकास कार्यालय बाराले अर्कोलाई दिएपछि बिचौलिया हस्याङफस्याङ्ग गर्दै पुरानो पत्र लिएर जीतपुरसिमरा उपमहानगरपालिकामा पत्र दर्ता गराएको एकजना कर्मचारीले बताए ।

उपमहानगरपालिकामा दुई वटा पत्र एउटै मिति र एउटै चलानी नम्बरको प्राप्त भएपछि सो रहस्य उजागर भएको छ । पूर्वाधार विकास कार्यालय बाराका निमित्त प्रमुख राजेन्द्र साहले पनि बिचौलियाको बढ्दो प्रभावप्रति चिन्ता व्यक्त गरेका छन् । उनका अनुसार सो योजना सम्बन्धी पत्रमा उनले 'ओ.सी.' (कारबाही अघि बढाउने स्वीकृति) दिएर अर्को सम्वद्ध पक्षलाई पठाएका थिए ।

"बिचौलियाको बिगबिगी मेरो टाउको दुखाइ बनेको छ," उनले भने । यसका साथै योजना किनबेचको परिपाटीले काम गुणस्तरहीन हुने र तोकिएको समयमा सम्पन्न नहुने अवस्था सिर्जना भएको भन्दै चिन्ता व्यक्त गरे । केही दिन अगाडि मात्र जीतपुर सिमरा उपमहानगलिकामा योजना लिएर आउँने बिचौलियाको बिगबिगी बढेपछि, नगर प्रमुख बाध्य भएर मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहलाई पत्र लेख्न बाध्य भएका थिए । स्थानीय स्तरमै योजना 'दलालीकरण' हुन थालेपछि प्रदेश सरकार र सम्बन्धित निकायले कडा निगरानी र पारदर्शिता अपनाउने नीतिको खाँचो देखिएको छ । अन्यथा, बजेट त सकिन्छ, तर विकासका सपना अधुरा नै रहनेछन् ।

मधेश प्रदेशको ८ वटै जिल्लास्थित पूर्वाधार विकास कार्यालयको पत्र नै भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादव आफैंले योजना बाड्दैं गरेपछि उनीमाथि मधेश प्रदेशसभामा पनि प्रदेशसभा सदस्यहरुले छानबिन समिति गठन गर्न माग गरेका थिए ।

सभामुख रामचन्द्र मण्डलले उच्चस्तरीय छानबिन समिति गठन गर्न निर्देशन दिए पनि अधिवेशन नै अन्त्य गरेर अन्योलको अवस्था सिर्जना गरेका छन् ।

जसले गर्दा सरकारी कार्यालयबाट समेत विकास निर्माणका कार्यहरुमा विकृति मौलाउँदै गएको बृद्धिजीविहरुको भनाइ छ ।






# बालविवाह रोक्न सक्रिय किशोरकिशोरी नै जोखिममा



बरहथवा । सर्लाहीको हरिपुर्वा नगरपालिका-९, निवासी नाम परिवर्तन १८ वर्षीया सिमा खातुन कक्षा १२ मा पढ्नु हुन्छ । उहाँ हरिपुर्वा नगरपालिका-५, मा रहेको श्री केश्वरगरिब जनता माध्यमिक विद्यालयमा अध्ययनरत हुनुहुन्छ ।

बागमती सेवा समाज नामक गैरसरकारी संस्थाको सहयोगमा उहाँ पछिल्लो समय बालविवाह हुननदिन लागिपर्नु भएको छ । उहाँले तराई मधेसमा कुरीतिका रुपमा रहेको बालविवाह तथा दाइजो प्रथा रुचि भएकी सिमाले कुरीतिविरुद्धको लडाइँमा लागेको बताउनुभयो ।

विभिन्न सङ्घसंस्थामा जोडिएपछि लैङ्गिक विभेद, परम्परागत कुरीतिका बारेमा जन्ने मौका पाएको र त्यसविरुद्ध लाग्ने अवसर पाएकी उहाँ क्रियशील बाल क्लबले गाउँमा बालविवाह, दाइजो प्रथालगायतको कुरीति हटाउन चेतनामूलक गतिविधि सञ्चालन गर्दै आएको छ । लामो समयदेखि जरो गाडेको बालविवाह, दाइजो प्रथा त्यति सजिलै अन्त्य नहुने उहाँ बताउनुहुन्छ । मुस्लिम समुदायमा यो अभिशाप बनेको छ । सोही समुदायकी उहाँ छोरी मान्छे बोल्नु नै गलत मान्ने समाजमा अधिकारका कुरा गर्न आफूलाई कठिन भएको बताउनुभयो ।

“हाम्रो समुदायमा छोरा चाहिने गलत सोचका कारण धेरै छोरी जन्मिएका छन्,” उहाँले भन्नुभयो, “छोरी धेरै भएपछि आमाबुबालाई विवाहमा हुने आर्थिक भारको चिन्ता हुन्छ । त्यसबाट छुटकारा पाउन वाल्यावस्थामा नै बिहे गरिदिने चलन छ ।”

बाल क्लबमा आबद्ध भएपछि किशोरकिशोरी अवस्थामा हुने शारीरिक परिवर्तन, लैङ्गिक विभेद, बालविवाह, दाइजो प्रथाले निम्त्याउने दीर्घकालीन असरबारे जान्न पाएको उहाँले सुनाउनुभयो । मुलुकको कानुनले २० वर्ष नपुगी गरिने विवाहलाई बालविवाह मानिएको छ । बालविवाह गैरकानुनी हुन्छ । बालविवाह गरे स्वतः बदर हुने र विवाह गर्नेगराउनेलाई कानुनी कारबाही हुने व्यवस्था छ तर त्यो कार्यान्वयन नहुँदा कुरीति नियन्त्रण नभएको किशोरी हरिपुर्वा नगरपालिका-२, निवासी रीता चौधरीले गुनासो गर्नुभयो ।

बाल क्लबबाट गाउँमा भइरहेको बालविवाह रोक्न जाँदा वा जानकारी दिँदासमेत आफूहरूलाई समस्यामा पार्ने गरेको उहाँको गुनासो छ । कानुनले अपराध मानेको बालविवाहको भोजमा जनप्रतिनिधिदेखि सामाजिक व्यक्तित्व र राजनीतिक दलका नेता स्वयम् उपस्थित भएर भोज खाने गरेका उहाँले सुनाउनुभयो ।

“हामीले गैरसरकारी संस्थाको सहयोगबाट बाल क्लब गठन गरेका छौँ”, उहाँले भन्नुभयो, “यस क्लबले बालविवाह कम गर्न लागि अभिभावकलाई सचेत गराउन सडक नाटक, र्‍यालीदेखि, बालविवाह रोक्नेसम्मका काम गरिरहेको छ । एक पटक गाउँमा बालविवाह हुनलागेको थाहा पायौँ । सबै साथी रोक्नुपर्छ भनेर बिहे घर पुग्यौँ । बालिकाका बुबा, आमालगायत परिवारलाई सम्झाउने कानुनी कारबाहीको डर देखायौँ । जनप्रतिनिधिले उल्टै हामीलाई धम्क्याए ।”

समाजका अगुवा भनिएका जनप्रतिनिधि, कानुन कार्यान्वयन गर्न बसेका प्रहरी प्रशासनले यस्ता कुरीतिलाई प्रोत्साहन दिने गरेका अर्की नाम परिवर्तन कुमारी साहको दाबी छ । घटनाको विषयमा प्रहरीलाई सुटुक्क जानकारी दिँदा पनि प्रहरीले उजुरीकर्ताको गोपनीयता भङ्ग गरिदिने गरेको उहाँको अनुभव छ । “मैले गाउँको एउटा घटनाका बारेमा प्रहरीलाई खबर गरेको थिए”, उहाँले भन्नुभयो, “तुरुन्त केटी पक्षका आफन्त तिमीले प्रहरीलाई बालविवाह हुँदैछ, भनेर भनेको रे हो ? मेरो छोरीको विवाह तिमी गरिदिन्छौँ, उनको भविष्यको चिन्ता तिमीलाई कि हामीलाई ? भनेर गाली गर्नुभयो ।”

सामान्य कुरामा समेत केटाकेटी भाग्ने परिपाटीले चिन्तित तुल्याउने गरेको अभिभावक सर्लाहीको चन्द्रनगर गाउँपालिका-५, का रामबाबु चौधरीले बताउनुभयो । घरमा थोरै गाली गरे, हप्काए पनि छोराछोरी भाग्न थालेकाले त्यही डरले अधिकांश अभिभावकले सानै उमेर छोरीको विवाह गरिदिने गरेका उहाँ बताउनुहुन्छ । “तराई मधेसमा इज्जत ठूलो मान्छन्”, चौधरीले भन्नुभयो, “छोरी भाग्नु त्यो परिवारका लागि गम्भीर सामाजिक प्रतिष्ठाको विषय हो । त्यसमा पनि अन्तरजातीय भयो भने त्यो परिवारको समाजमा कुनै इज्जत रहँदैन ।”

रीता जस्तै जिल्लाको हरिपुर्वा नगरपालिकामा १२ वटा र पर्सा गाउँपालिकामा सातवटा र एउटा गाउँपालिकास्तरीय बाल क्लब सञ्जाल गरी ३७८ जना किशोरकिशोरी बाल क्लबमा आबद्ध छन् । उहाँहरूले बालविवाह, दाइजो प्रथालगायतको कुरीतिविरुद्ध काम गर्ने गरिरहेका संस्थाका कार्यक्रम संयोजक प्रमेश बादेले बताउनुभयो । संस्थाले पालिकासँगको सहकार्यमा बाल विकासका क्षेत्रमा विभिन्न काम गरिरहेको उहाँले बताउनुभयो ।

विकास साझेदार संस्था वल्डभिजनको सहयोगमा बागमती सेवा समाजले दुईवटा पालिकामा बाल विकासका विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको हो । यस्ता कार्यक्रम पछि बालविवाह, दाइजो प्रथा नियन्त्रणमा सहयोग पुगेको स्थानीयको भनाइ छ । संस्थाका अनुसार किशोरकिशोरीहरूलाई नियमित रूपान्तरण कक्षामा जीवन उपयोगी सीप तथा सुरक्षासम्बन्धी तालिमसमेत गराउने गरिएको छ ।

### बालविवाहमा कमी

यसरी गाउँगाउँमा गठन गरिएको बाल क्लब र तिनीहरूको निगरानी तथा गतिविधिका कारण विगतका जस्तो खुलेआम बालविवाह तथा दाइजो लेनदेन कम हुँदै गएको छ । तर, पछिल्लो समय क्लबमा आबद्ध किशोरकिशोरीहरूले थाहा पाए रोकी दिन्छन् भनेर भारतमा आफन्तकामा लगेर विवाह गर्ने गरेको हरिपुर्वा-४, का दिनेश रायले बताउनुभयो ।

“हामीलाई छलेर भारत पुऱ्याएर पनि केहीले विवाह गराएका छन्”, उहाँले भन्नुभयो, “हामीले त्यसपछि पनि उजुरी गर्ने गरेका छौँ । त्यसो गर्दा नेता, जनप्रतिनिधिले घरमै आएर हाम्रा परिवारलाई समेत धम्क्याउने दुःख दिने गर्नुभयो । त्यसपछि परिवारले समेत गाली गर्न थाल्नुभयो ।” उल्टै हाम्रो परिवारको कामसमेत वडा कार्यालयले नगरीदिन गरेको उहाँको दुःखेसो छ । यही निहुँमा जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी, बालिकाहरूको परिवारले धेरै पटक आफ्नो घर घेरेका उहाँले दुःखेसो पोख्नुभयो । बालविवाह कानुनी अपराध र यसले बालिकाहरूको स्वास्थ्यलगायतको क्षेत्रमा पार्ने दीर्घकालीन असरका बारेमा अभिभावकहरू जानकार रहेका स्थानीय वीरेन्द्र ठाकुरले बताउनुभयो । तर, समाजिक रुपमा रहेको गलत मान्यताले गर्दा यस्ता विकृति नियन्त्रण हुन नसकेको नागरिक समाजका अगुवा शिवचन्द्र चौधरीले बताउनुभयो ।

बालविवाह, दाइजो प्रथाजस्ता समाजलाई नै कुरूप पार्ने कुरीति न्यूनीकरणका लागि समाजका सबै तह र तप्का एक हुनुको विकल्प नरहेको हरिपुर्वा नगरपालिकाका प्रमुख विनोद साह तेली बताउनुहुन्छ । पालिकाले समेत यस्ता गतिविधि नियन्त्रणका लागि बाल क्लब तथा विभिन्न गैरसरकारी सङ्घसंस्थासँग हातेमालो गरिरहेको उहाँको भनाइ छ । कुसंस्कारका रुपमा रहेका यस्ता व्यवहारलाई क्रमिक रुपमा नियन्त्रण गर्न सकिने उहाँ बताउनुहुन्छ ।

“नगरका जनप्रतिनिधि स्वयम् यस्ता घटना र कुसंस्कारलाई प्रोत्साहन गर्नतर्फ लाग्नु गलत मात्र नभई गैरकानुनी हुन्छ”, प्रमुख साहले भन्नुभयो, “यस्ता कार्य नियन्त्रणको पहल सबै तहको प्रयासमा सफल हुनेछ ।” समाजमा कुरीतिका रुपमा रहेका गलत व्यवहार क्रमिक रुपमा कम हुँदै गएको भन्दै सरोकारवाला निकायलाई निगरानी गरिदिनसमेत उहाँले आग्रह गर्नुभयो ।

जुनसुकै बहानामा हुने बालविवाह तथा दाइजो प्रथा रोक्नुपर्ने मानव अधिकार आयोग सर्लाहीका अध्यक्ष रजनिकान्त झाको भनाइ छ ।

पछिल्लो समय स्थानीयस्तरमा गाउँका पढेलेखेका किशोरकिशोरीहरू स्वयम् यस्ता गतिविधि नियन्त्रणमा सक्रिय हुनु खुसीको कुरा भएको उहाँले बताउनुभयो । समाजका राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, सुरक्षा निकायले सहयोग गर्नुपर्ने ठाउँमा उनीहरूलाई अप्ठेरोमा पार्ने काम गर्नु निन्दनीय भएको उहाँको दाबी छ । समाजले किशोरकिशोरीहरूको उपस्थितिलाई स्वीकार गरेर अगाडि बढेमात्र समाज सुसंस्कृत हुने पूर्वप्रधानाध्यापक झा बताउनुहुन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार सर्लाहीमा कुल विवाहको ३७.२ प्रतिशत विवाह २० वर्षभन्दा कम उमेरमा हुने गरेको छ । यो मुलुकको कानुनले तोकेको उमेरभन्दा कम उमेरमा बालविवाह गर्नेको संख्या हो । यसलाई समयमै नियन्त्रण गर्नुपर्नेमा उहाँको जोड छ ।रासस

# त्रिदेव स्कुलको २५ औं स्थापना दिवस सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लाको लक्ष्मिनीया गाउँपालिकास्थित त्रिदेव अंग्रेजी आवासीय माध्यमिक विद्यालयले आफ्नो २५औं स्थापना दिवस तथा रजत जयन्ती समारोह भव्यताका साथ सम्पन्न गरेको छ।

विगत २५ वर्षदेखि मधेशको ग्रामीण क्षेत्रमा गुणस्तरीय शिक्षाको उज्यालो फैलाउँदै आएको यस विद्यालयले सामाजिक उत्तरदायित्व पनि उत्तिकै प्रभावकारी रूपमा वहन गर्दै आएको सहभागी वक्ताहरूले बताएका छन्।समारोहका प्रमुख अतिथि पूर्वराजदूत वैज्ञानिक र समाजसेवी हुन्। त्यसकारण विद्यालयको दायित्व अझ ठूलो छ,’ उनले जोड दिए।

कार्यक्रममा प्याब्सनका केन्द्रीय तथा जिल्ला पदाधिकारीहरूको उपस्थिति रहेको थियो। उनीहरूले त्रिदेव विद्यालयले विगत २५ वर्षमा आधुनिक शिक्षण पद्धति आत्मसात गर्दै आफूलाई ग्रामीण शिक्षा क्षेत्रमा सफलतापूर्वक स्थापित गरेको उल्लेख गरे।

लक्ष्मिनीया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र झाले विद्यालयले गाउँपालिकाको शैक्षिक विकासमा खेलेको भूमिकाको प्रशंसा गर्दै भविष्यमा पालिकाले विद्यालयसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त



प्रा।डा। रामस्वार्थ रायले त्रिदेव विद्यालयले ग्रामीण क्षेत्रमा अंग्रेजी माध्यमको शिक्षालाई सुलभ बनाउँदै आएकोमा प्रशंसा व्यक्त गरे। उनले भने, ‘शिक्षा भनेको समाजको मेरुदण्ड हो। त्यसलाई मजबुत बनाउने कार्य त्रिदेवले एक समर्पित शिक्षालयको रूपमा गर्दै आएको छ।’

उनले विज्ञान, प्रविधि र नैतिकताको समिश्रणमा आधारित शिक्षाको आवश्यकता औंल्याउँदै शिक्षामार्फत सामाजिक रूपान्तरण सम्भव हुने धारणा राखे।विशिष्ट अतिथि तथा मधेश प्रदेश सभा सदस्य रामअशिष यादवले विद्यालयले गुणस्तरीय शिक्षासँगै संस्कार, संस्कृति र सामाजिक भावनाको संरक्षणमा पनि योगदान पुऱ्याएको बताए। ‘ आजका विद्यार्थी भोलिका नेता, गरे।

विद्यालयका संस्थापक ब्रम्हदेव यादवको अध्यक्षतामा सम्पन्न समारोहमा सञ्चालक नवल यादवले सबै अतिथि, अभिभावक र शिक्षकहरूलाई स्वागत गर्दै विद्यालयलाई अझ प्रगतिशील बनाउने प्रतिबद्धता जनाए ।

कार्यक्रममा कबिर बाल आश्रमका सञ्चालक सन्त आलोकलाई विद्यालय परिवारद्वारा सम्मान गरिएको थियो। साथै, बाल आश्रमका बालबालिकालाई खाद्यान्न तथा शैक्षिक सामग्री (कापी-कलम) प्रदान गरिएको थियो । विद्यालयका विद्यार्थीहरूले प्रस्तुत गरेका विविध सांस्कृतिक कार्यक्रम, विशेष गरी जातीय तथा लोक नृत्यले दर्शकहरूलाई मन्त्रमुग्ध बनाएको थियो ।

# रोयल इनफिल्ड क्लासिक ३५० का पाँच भेरियन्ट सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । रोयल इनफिल्डले आफ्नो चर्चित मोडल क्लासिक ३५० को नयाँ संस्करण नेपालमा आधिकारिक रूपमा जनकपुरधाममा पनि सार्वजनिक गरेको छ । दशकौँदेखि मोटरसाइकल प्रेमीको पहिलो रोजाइमा पर्न सफल क्लासिक ३५० यसपटक अझ सशक्त स्वरूप, आधुनिक प्रविधि र आकर्षक डिजाइनसहित जनकपुरधाम बजारमा पनि सार्वजनिक गरिएको छ ।



रोयल इनफिल्डले क्लासिक ३५० लाई जनकपुरधाममा न्यू नारायणी मोर्टसमार्फत पाँचवटा फरक भेरियन्टमा उपलब्ध गराएको छ । हेरिटेज (मदरास रेड, जोधपुर ब्लू), हेरिटेज प्रिमियम (मेडालियन ब्रोन्ज), सिग्नल्स (कमाण्डो सेण्ड), क्लासिक डार्क (गन ग्रे, स्टेल्थ ब्ल्याक) र क्लासिक क्रोम (इमराल्ड) सार्वजनिक गरिएको छ ।

यी सबै भेरियन्टमा आधुनिक डिजाइनका साथ डुअल च्यानल एबिएस, एलईडी हेडलाइट, एलईडी पाइलट ल्याम्प, गियर इन्डिकेटर, टाइप-सि यूएसबि चार्जर लगायतका सुविधा दिइएको छ । शुरुवाती भेरियन्टको मूल्य ५ लाख ५५ हजार रुपैयाँ तोकिएको छ भने सबै भेरियन्टमा एबिएस अनिवार्य गरिएको छ ।

रोयल इनफिल्डले नेपालमै बिर्तामोड नजिकै सिकेडी क्षेत्रमा उत्पादन केन्द्र स्थापना गरिसकेको छ । त्रिवेणी समूहसँगको सहकार्यमा निर्माण भएको उक्त केन्द्रबाट वार्षिक २० हजार युनिट मोटरसाइकल उत्पादन हुने बताइएको छ । नेपालबाहेक ब्राजिल, थाइल्याण्ड, बंगलादेश, अर्जेन्टिना र कोलम्बियामा पनि कम्पनीका एसेम्बली युनिटहरू सञ्चालनमा छन् ।

क्लासिक ३५० को हरेक भेरियन्टमा पुरानो क्लासिक इनफिल्डको शिल्पशैली कायम राख्दै प्रविधिमा नयाँपन थपिएको छ । सिग्नल्स सिरिजले रोयल इनफिल्डको ऐतिहासिक सैन्य सम्पर्कलाई सम्मान गर्छ भने डार्क सिरिजले कालो र खैरो रंगको गहिरो संयोजनमार्फत आधुनिक सौन्दर्यशास्त्रलाई प्रस्तुत गर्छ । क्रोम भेरियन्टमा भने भिन्टेज लुकलाई प्रिमियम टच दिइएको छ । रोयल इनफिल्ड सन् १९०१ देखि निरन्तर मोटरसाइकल उत्पादन गर्दै आएको विश्वको पुरानो ब्रान्डमध्ये एक हो । बेलायतबाट सुरू भएको यसको यात्रा भारतको मद्रास हुँदै अहिले नेपाललगायत ६० देशसम्म फैलिएको छ । भारतमै यसको दुई हजार बढी स्टोर्स छन् भने विश्वभर ८५० स्टोर्स सञ्चालनमा छन् ।

बुलेट मोटरसाइकलको माग पछिल्लो समय नेपालमा झनै बढ्दै गएको छ । रोयल इनफिल्डका अनुसार नयाँ क्लासिक ३५० बजारमा ल्याउँदा मूल्य भने पुरानै स्तरमा राखिएको छ । यसले ग्राहकलाई अझ आकर्षित गरेको छ । कम्पनीले हालै विद्युतीय सवारी साधन फ्लाइङ फ्ली समेत बजारमा ल्याएर हरित प्रविधिप्रति प्रतिबद्धता जनाइसकेको छ ।

नेपालका व्यवसायिक राइडरदेखि ट्राभलिङमा रुचि राख्ने मोटरसाइकलप्रेमीहरूका लागि क्लासिक ३५० अब उपयुक्त विकल्प बन्ने अपेक्षा गरिएको छ । नयाँ प्रविधि, पुरानो शैली र सन्तुलित मूल्यको संयोजनले यसलाई नेपाली सडकमा अझ विशेष बनाउने छ ।

# बुद्धिष्ट इन्टरनेसनल ट्राभल जेठ १० गतेदेखि

काठमाण्डु । बुद्धिष्ट इन्टरनेसनल ट्राभल मार्टको तेस्रो संस्करण आगामी जेठ १० गतेदेखि हुने भएको छ । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) ले मार्ट आयोजना गर्न लागेको हो ।

मार्टको उद्धाटन समारोह, अन्तरराष्ट्रिय सम्मेलन तथा प्रदर्शनी जेठ १० र ११ गते काठमाडौँमा हुने छभने जेठ १२ गते लुम्बिनीमा बी-टू-बी सत्र, फार्म ट्रिप, नेटवर्किङ डिनर तथा समापन समारोह हुने नाट्टाले जनाएको छ ।

मार्टमा अन्तरराष्ट्रिय बौद्ध पर्यटनमा रुचि राख्ने १५० भन्दा बढी खरिदकर्ता (इन्टरनेसनल होस्टेड बायर्स) तथा ६० भन्दा बढी राष्ट्रिय तथा अन्तरराष्ट्रिय बिक्रेताहरूको सहभागिता रहने अपेक्षा गरिएको छ ।रासस


## चेक हराएको सूचना

जिल्ला धनुषा जनकपुरधाम उप-महानगपरपालिका वडा नं. १२ अन्तर्गत रहेको साईन कन्ट्रक्शन नामक फर्म संचालन गरी निर्माण सम्बन्धी ठेक्कापट्टाको कामकाज गर्दै आई रहेको छु । म निवेदकको फर्मको नाउँमा एन.आई.एम.बी (NIMB) बैंक शाखा कार्यलय जनकपुरमा रहेको खाता नं. ०१४०१०४०२५३६९७ बाट जारी भएको चेक नं. ३०२१९०७९९६, ३०२१९०७९९७, ३०२१९०७९९८ को चेक आफ्नै नाउँमा जारी भएको चेकमा गते मिति, रकम र हस्ताक्षर समेत भएको चेकहरु र ३०२१९०७९९२, ३०२१९०७९९३ र ३०२१९०७९९४ को चेकमा रकम, मिति, हस्ताक्षर समेत भएको चेकहरु जनकपुरबाट ढल्केवर जाने क्रममा जिन्स पेन्टको पछाडी पट्टीको गोजीबाट पर्स सहित हराएको हुदाँ पाउने महानुभावले मो.नं. ९८०७६१३४५२ मा सम्पर्क गरी सहयोग गरी दिनु हुनको लागि हार्दिक अनुरोध गर्दछु । हराएको चेकहरु पाउने महानुभावले माथि उल्लेखित मोबाईल नम्बरमा सम्पर्क गरि दिनेलाई मुरी मुरी धन्यावाद छ ।

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : विशेषव्यक्तिसंगको सहकार्य तपाईलाई नयाँ अवसरहरु दिलाउनेछ ।
वृष : आय सीमित भए पनि ठूला समस्याबाट बच्न सकिनेछ ।
मिथुन : नयाँ व्यवसाय सुरु गर्ने राम्रो अवसर छ ।
कर्कट : कडा मेहनत गरेमा भाग्यले साथ दिनेछ ।
सिंह : रमाइलो यात्राको सम्भावना देखिन्छ । प्रिय साथी भेटिन सक्ने र प्रेमसम्बन्ध प्रगाढ बन्ने संकेत छ ।
कन्या : सुरुमा खर्च बढे पनि सोचेको योजना सफल हुनेछ ।
तुला : तपाईको कामको प्रशंसा बढ्नेछ र मान सम्मान प्राप्त हुने समय छ ।
वृश्चिक : आफ्नो क्षेत्रमा प्रभाव जमाउने अनुकूल समय छ ।
धनु: अघिल्ला कमजोरी सुधार्ने अवसर मिल्नेछ ।
मकर : काममा सुधार आउनेछ र पहिले असफल भएको काम सफल हुँदा मन प्रशन्न हुनेछ ।
कुम्भ: सामान्य कामबाट समेत राम्रो लाभ प्राप्त हुनेछ ।
मीन : पढाइमा प्रगति हुनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



प्रादेशिक अस्पताल जनकपुरधाम निरीक्षणका क्रममा बिहीबार जनमत पार्टीका अध्यक्ष डा. सिके राउत । तस्बिरः रासस

# वीरगञ्जको जनजीवन सामान्य हुँदै



वीरगञ्ज । वीरगञ्ज महानगर क्षेत्रमा हनुमान् जयन्तीको शोभायात्राको क्रममा दुई समुदायबीचको विवादले गत शनिबारदेखि उत्पन्न तनाव क्रमशः मत्थर हुँदै गएको छ ।

वीरगञ्जमा सामाजिक र सम्प्रदायिक सद्भाव कायम गर्न स्थानीय प्रशासन, राजनीतिक दल तथा समाजका हरेक क्षेत्रको प्रयाससँगै स्थानीय जनताको सहयोग एवं सुझबुझका कारण नगरको अवस्था सामान्य भएको हो ।

बुधबारको सर्वदलीय बैठक, मुलुकका उच्च पदस्थ एवं प्रतिष्ठित व्यक्ति वीरगञ्ज महानगरका ३२ वटै वडाका अध्यक्ष, धार्मिक सङ्घसंस्था, वीरगञ्ज उद्योग वाणिज्य सङ्घलगायत नागरिक समाज र अन्य क्षेत्र वीरगञ्जमा सामाजिक सद्भाव कायम गर्न अनुरोध भएको थियो ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सबै क्षेत्रको साथ, सहयोग र सद्भावनाका कारण नगरको अवस्था सामान्य हुँदै गएको बताउँदै शान्तिसुव्यवस्था कायम गर्न सक्रिय भूमिका निर्वाह गर्नुभएका सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्नुभएको छ ।

वीरगञ्जलाई गत चैत ३० अघिकै अवस्थामा ल्याउने प्रयास जारी भएको बताउँदै उहाँले गत सोमबारदेखि जुलुस, प्रदर्शनलगायत गतिविधिमाथि लगाइएको प्रतिबन्ध शीघ्र हटाइने जानकारी दिनुभयो ।रासस

# ‘जसले न्याय खोज्दाखोज्दै प्राण त्यागिन्’

सिरहा । गत पुस ९ गते सिरहाको नवराजपुर गाउँपालिका–३ जगतपुरस्थित फूलबरिया मुसहरी टोलकी आनन्दीदेवी सदायमाथि गाउँकै दुई युवकद्वारा यौन दुर्व्यवहार भयो । माइतीघरमा बस्दै आएकी आनन्दीदेवी दुई वर्षिय दुधेबच्चा च्यापेर बरियारपट्टि गाउँपालिका-१ नरगीमा बस्ने दिदी लक्ष्मीनियादेवी सदायलाई भेट्न हिँड्नुभएको थियो । बाटोमै स्थानीय २२ वर्षीय सञ्जीव यादव र ३२ वर्षीय श्यामसुन्दर यादवले बलात्कारको प्रयास गरे ।



त्यहाँबाट जसोतसो उम्केर पुनः माइतमै फर्किन त सफल हुनुभयो उहाँ तर त्यस घटनाले बाँच्न भने दिएन । घटनाका दोषीमाथि कारबाहीको माग गरी किटानी जाहेरी दिए पनि चार महिनासम्म सदाय न्यायका लागि भौतारि नुभयो । चारैतिरबाट न्यायको आश मरेपछि अन्ततः मृत्यु नै अन्तिम विकल्प बनेर आयो । मङ्गलबार माइतीघरमै झुन्डिएको अवस्थामा उहाँ मृत फेला पर्नुभयो ।

“घट्ना घटेको दिन आफूमाथि जबर्जस्ती करणीको प्रयास भएको भन्दै रुँदै र कराउँदै घर आएकी थिइन्”, मृतककी भाउजू विनीतादेवी सदायले उक्त दिनको घटनाबारे भन्नुभयो, “उनको कम्मरमुनि सुरुवालको भाग धुजाधुजा पारी च्यातिएको थियो । हातको पाखुरामा चोट लागेको थियो । जीउको विभिन्न भागमा दाँतले टोकेको स्पष्ट डोबहरू थिए ।” आनन्दीदेवीलाई जबर्जस्ती करणीको प्रयास गर्ने दुई व्यक्तिले सुरुमा पैसा दिन्छौं भन्दै ललाईफकाई प्रयाससमेत गरेको उहाँको भनाइ छ । “तीन हजार पैसा दिन्छौं हामीसँग हिँड् भनेपछि नन्दले इन्कार गर्दै प्रतिकार गरेपछि श्यामले हातपात गर्दै घिसार्दै नजिकै रहेको परालको कुन्यूँमा लगे, अर्का पीडक सञ्जीवले मोबाइलबाट भिडियो खिचे । नन्दले यो कुरा मलाई सुनाउनुभएको थियो । उहाँ प्रतिकार गर्दै त्यहाँबाट उम्केर जसोतसो नन्द घर आइपुग्नुभयो, त्यतिबेला दिउँसोको करिब १ बजेको हुँदो हो”, भाउजू विनीतादेवीले भन्नुभयो ।

**प्रहरीद्वारा जाहेरी दर्ता गर्न आलटाल**

घटना भएको दिन आनन्ददेवीका श्रीमान् उमेश सदाय ससुराली घरमै हुनुहुन्थ्यो । श्रीमतीमाथि घटना घटिसकेपछि सोही दिन अर्थात् पुस ९ गते श्रीमान्सहित आनन्दीदेवीले महेशपुरस्थित पतारी प्रहरी चौकीमा आफूमाथि जबर्जस्ती करणीको प्रयास भएको भन्दै किटानी जाहेरी दिनुभएको थियो तर प्रहरीले जाहेरी दर्ता गर्न आलटाल गरेको मृतक आनन्दीदेवीका श्रीमान् उमेशले बताउनुभयो ।

उहाँले भन्नुभयो, “प्रहरीले सुरुमा जाहेरी दर्ता गर्ने र पीडकमाथि कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने आश्वासन दिएको थियो । यसको लामो समयसम्म प्रहरीबाट घटना सम्बन्धमा कुनै प्रतिक्रिया आएन । माघ ४ गते मात्रै प्रहरीले उक्त जाहेरी दर्ता भएको भन्दै एउटा कागजमा दर्ता नम्बरसहितको चिट दियो । फेरि त्यसको भोलिपल्ट पुनः कार्यालयमा बोलाएर उक्त दर्ता नम्बरको कागज हाम्रै सामुन्नेमा प्रहरी च्यातिदियो ।”

यही क्रममा अन्तरराष्ट्रिय महिला दिवसको अवसर पारेर मानवअधिकारकर्मीहरूको समूहले मार्च ६ तारिखका दिन नवराजपुरमा एक सार्वजनिक कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा आफ्नो पीडा सुनाउन आनन्दीदेवी र उहाँकी आमा बिलटौनदेवी सदाय उपस्थित हुनुभयो। महेशपुर पतारी प्रहरी चौकीका प्रमुख प्रहरी निरीक्षक रबिन मैनालीसमेत उपस्थित उक्त कार्यक्रममा पीडित आनन्दीदेवीले प्रहरीले आफूमाथि भएको घटनाको जाहेरी दर्तासमेत नगरेको बताएको मानवअधिकारकर्मी मुक्ति नेपालका अध्यक्ष देवकुमारी महराले जानकारी दिनुभयो । त्यसपछि जिल्लास्थित मानवअधिकारकर्मीको संयुक्त टोलीले घटनासम्बन्धमा चासो राखी प्रहरीलाई दबाब दिएपछि मात्रै जाहेरी दर्ता भएको उहाँको भनाइ छ ।

महराले भन्नुभयो, “घटनाबारे जानकारी पाउनासाथ हामीले तत्कालै प्रहरी निरीक्षक मैनालीलाई के कति कारणले जाहेरी दर्ता नभएको भनी प्रश्न गर्‍यौं । उहाँले तत्कालीन जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख तथा प्रहरी उपरीक्षक रमेश पण्डितको ठाडो आदेशका कारण आफूले जाहेरी दर्ता नगरेको जवाफ दिउ । त्यसपछि हामीले जिल्ला प्रहरीमा दबाब सिर्जना गरेका कारण भोलिपल्ट जाहेरी दर्ता त भयो तर कुनै पनि अनुसन्धान प्रक्रिया अघि बढेन, जुन खेदजनक र निन्दनीय छ ।”

घटना सार्वजनिक भइसकेको, पीडितले न्यायका लागि गुहारिसकेको अवस्था पनि प्रहरी प्रशासनले त्यसलाई गम्भीर रूपमा नदिएकाले ज्यान गुमाउन बाध्य हुनुपरेको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपाल सिरहाका प्रतिनिधि दुर्गा परियार बताउनुहुन्छ। मानवअधिकारकर्मीको तीव्र दबाबका बीच पीडितलाई न्याय दिलाउन प्रहरीले उदासीनता देखाएको भए यस्तो अवस्था नआउने उहाँको बुझाइ छ । “पीडकहरू खुलेआम हिँड्डुल गर्दा पनि पक्राउ नपर्नुले र पीडितलाई न्यायको अनुभूति दिलाउन नसक्दा अप्रिय घटना घट्यो । यसको जवाफदेहिता अब कसले लिन्छ?”, परियारले प्रश्न गर्नुभयो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख तथा प्रहरी उपरीक्षक अनन्तराम शर्माले गत फागुन २५ गते उक्त घटना सम्बन्धमा जबर्जस्ती करणी उद्योगमा मुद्दा दर्ता भएको जानकारी दिनुभयो । किटानी जाहेरी दिएको ७५ दिनपछि मात्रै मुद्दा दर्ता भएको देखिएको र यो घटना आफू जिल्लामा आउनुअघिको भएकाले किन त्यसो भएको हो भनेर बुझ्नुपर्ने उहाँको भनाइ छ । “गत फागुन २५ गते यस घटना सम्बन्धमा पीडितका तर्फबाट जबर्जस्ती करणी उद्योगमा मुद्दा दर्ता भएको रहेछ । पीडकहरुरू फरार छन् । पीडितमाथि यौन दुर्व्यवहारपश्चात् प्रहरीले मेडिकल जाँच र जिल्ला अदालतबाट पीडकविरुद्ध पक्राउ पुर्जी जारी गर्ने काम समयमै गरेको पाइन्छ । हामी अनुसन्धानकै क्रममा छौं । बुधबार पीडित परिवारलाई भेटेर जानकारीसमेत लिएका छौं”, प्रहरी उपरीक्षक शर्माले भन्नुभयो ।

**घटना मिलापत्रको प्रयास**

कानुनअनुसार यस्तो घटनालाई मिलाउन पञ्चायती बस्न वा गाउँमै मिलापत्र गर्न मिल्दैन तर घटना मिलापत्र गर्न भन्दै पीडितलाई दबाब आएको परिवारले जनाएको छ । “प्रहरीले जाहेरी दर्ता गर्न आलटाल गरिरहेकै बेला घटनामा संलग्न व्यक्तिका आफन्त आएर रु एक लाख दिने र गाउँघरको घटना गाउँमै मिलाउनुपर्छ, बाहिर लैजानु हुँदैन भन्दै दबाब दिए । गरिबको पनि इज्जत हुन्छ । हामीलाई न्याय चाहिन्छ, पैसा होइन भन्ने जवाफ दियौँ तर न्याय पाइएन” भावुक हुँदै मृतककी भाउजू बिनीतादेवीले भन्नुभयो ।

उहाँले कानुन बुझेका शिक्षक र कानुनको पालना गराउने र न्याय दिलाउने जिम्मेपवारीमा रहेका केही प्रहरी अधिकारीले पनि मिलापत्रका लागि दबाद दिएको परिवारको आरोप छ । मृतककी आमा बिलटौनदेवी सदायले भन्नुभयो, “कानुनको कार्यान्वयन गर्ने व्यक्ति र निकायबाटै छोरीमाथि घोर ज्यादती भएको छ । यस्तो ज्यादती गर्ने र पैसा नभएको व्यक्ति मुद्दा नलड्न भन्दै मिलापत्र गर्न उक्साउनेमाथि पनि अनुसन्धान हुनुपर्छ ।”

यस्तै वडा नं ३ का अध्यक्ष वंशीलाल यादवले घटनामा जिम्मेवार निकायबाटै कमजोरी भएकाले पीडितले ज्यान गुमाउनु परेको भन्दै सत्यतथ्य छानबिन गरी दोषीमाथि कडा कारबाहीको माग गर्नुभयो । गृहमन्त्रीद्वारा घटनाको सूक्ष्म छानबिन गर्न निर्देशनपछि प्रहरी सक्रिय

पीडित आनन्दीदेवी मङ्गलबार झुन्डिएर मृत फेला परेपछि घटनाको सूक्ष्म रूपमा छानबिन गर्र्न गृहमन्त्री रमेश लेखकले प्रहरी प्रशासनलाई निर्देशन दिनुभएको छ । उहाँले घटनाबारे गम्भीर चासो व्यक्त गर्दै प्रहरी महानिरीक्षक दीपक थापालाई फोन गरी घटना सम्बन्धमा सत्यतथ्य छानबिन गर्न निर्देशन दिनुभएको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।रासस

# नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशद्वारा शान्ति अपील

**टुडे समाचारदाता**

जनकपुरधाम । वीरगञ्जमा शनिबारको दिन आयोजित हनुमान जन्मोत्सव शोभा यात्राको क्रममा उत्पन्न तनाव र त्यसपछिको घटनाक्रमलाई लिएर नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशले शान्ति र सामाजिक सद्भाव कायम राख्न अपील गरेको छ। महासंघका अध्यक्ष अशोक कुमार टेमानीले जारी गरेको अपीलमा विभिन्न धार्मिक समुदायबीचको वैमनस्यता फैलाउने प्रयासप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरिएको छ । “हामी सबै नेपालीले एक समृद्ध राष्ट्रको ऐतिहासिक, सांस्कृतिक र राष्ट्रिय पहिचान जोगाउनु पर्दछ,” विज्ञप्तिमा भनिएको छ, “धर्म, जाति, भाषा र संस्कृतिका विविधतालाई सहिष्णुता र सम्मानका साथ एकअर्काको प्रती व्यवहार गर्नुपर्छ ।”

> “हामी सबै नेपालीले एक समृद्ध राष्ट्रको ऐतिहासिक, सांस्कृतिक र राष्ट्रिय पहिचान जोगाउनु पर्दछ,” विज्ञप्तिमा भनिएको छ, “धर्म, जाति, भाषा र संस्कृतिका विविधतालाई सहिष्णुता र सम्मानका साथ एकअर्काको प्रती व्यवहार गर्नुपर्छ ।”

शान्ति अपीलमा कुनै पनि प्रकारको हिंसा, उत्तेजक भाषण वा आक्रोश समाधान नरहेकोले सहिष्णु संवादबाट मात्र दीगो समाधान सम्भव रहेको उल्लेख गरिएको छ भने आफ्ना धर्म, संस्कृति र परम्पराको सम्मान गर्दै अरूको पनि सम्मान गरि कानूनलाई हातमा नलिएर न्यायप्राप्तिका लागि कानुनी प्रक्रिया अवलम्बन गर्न भनिएको छ । त्यसैगरि युवाहरूले शान्ति र एकताको सन्देश दिन सकरात्मक परिवर्तनको नेतृत्व लिन सक्ने अपेक्षा गरिएको अपिलमा भनिएको छ ।

महासंघले सबै पक्षलाई संयमता र सहिष्णुतापूर्वक आ-आफ्नो भूमिका निर्वाह गर्न आग्रह गरेको छ । साथै, नेपाललाई समावेशी, बहुलवादी र सहिष्णु राष्ट्र बनाउने दायित्व सबै नेपालीको साझा भएको उल्लेख गरिएको छ ।

# ‘हेमोफिलिया’ दिवस : ‘उपचारमा पर्याप्त औषधि छैन’

काठमाण्डु । ‘हेमोफिलिया’का बारेमा जनचेतना एवं रक्तदान कार्यक्रम आयोजना गरी विहिबार विश्व हेमोफिलिया दिवस मनाईएको छ ।

हेमोफिलिया रगत जम्ने प्रक्रियामा त्रुटि भएको वंगाशुणगत समस्या हो । चिकित्सकहरुका अनुसार हेमोफिलिया मानव रक्त तत्वहरुमा कुनै एउटा तत्वको कमी भएर सिर्जना हुने अवस्था हो । यो रोगमा घाउ, चोट, ठक्कर आदिका कारण मात्र नभई आफैं-आफैं आन्तरिक रक्तस्राव भइरहने हुन्छ ।

त्यसैगरी, अत्यधिक पीडा हुने, पटक-पटकको रक्तस्रावका कारण जोर्नी वा मांसपेसीहरु सुन्निने र रक्तस्रावका कारण जोर्नीहरु बिग्रने, जोर्नीहरु बिग्रिएपछि मांसपेशीहरु सुक्दै जाने र अन्ततः गम्भीर अपाङ्गता सिर्जना हुन सक्ने जोखिम रहन्छ ।हेमोफिलिया पहिचानमै धेरैको ढिलाइ हुने र औषधि निकै महङ्गो हुने भएकाले यसका बिरामीहरु उपचारबाट वञ्चित भइरहेको नेपाल हेमोफिलिया सोसाइटीका अध्यक्ष नवीन ढुङ्गेल बताउनुहुन्छ ।

नेपाल हेमोफिलिया सोसोइटीले विश्व हेमोफिलिया महासङ्घको अनुदानमा औषधि उपलब्ध गराउँदै आएको छ । सोसाइटीले विगत ३० वर्षदेखि हेमोफिलियाका बिरामीलाई अनुदानमार्फत औषधि उपलब्ध गराउँदै आएकामा हाल भने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मातहतका सङ्घीय अस्पताल तथा प्रादेशिक अस्पतालका अलावा अन्य सरकारी अस्पतालबाट समेत उपलब्ध गराउने घोषणा गरेको छ ।

अध्यक्ष ढुङ्गेलले सरकारको यो पहल स्वागतयोग्य भए पनि आउने वर्षदेखि वैदेशिक सहयोगबाहेक अपुग औषधिका लागि बजेट विनियोजन गरेर आवश्यक पर्दा औषधि प्राप्त गर्ने सक्ने वातावरण निर्माण गर्नुपर्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “सातवटै प्रदेशमा हेमोफिलियाको पहिचान र उपचार हुनुपर्छ ।

समयमा पहिचान हुन नसक्दा र औषधिको अभावले धेरैले अकालमा ज्यान गुमाइरहेका छन् ।”

विश्व स्वास्थ्य सङ्गठनले नेपालमा पहिचान हुन नसकेका यस्ता करिब पाँच हजार बिरामी रहेको अनुमान गरेको छ । विसं २०७८ को जनगणनामा २.२ प्रतिशतमा अपाङ्गता देखिएकामध्ये ०.८ मा हेमोफिलिया भएको हुनसक्ने ठानिएको छ । हेमोफिलिया सोसाइटीका अनुसार नेपालमा हाल करिब ९०० जना यो रोगका बिरामीका रुपमा पहिचान भएका छन् । साथै वार्षिक तीनदेखि चारजनाले ज्यान गुमाइरहेका छन् ।

हेमोफिलिया सोसाइटीका अध्यक्ष ढुङ्गेल भन्नुहुन्छ, “महासङ्घले जति औषधि आवश्यकता छ त्यसको ४० प्रतिशत मात्र कभर गरेको छ बाँकी ६० प्रतिशत अपुग नै छ । त्यति औषधि सरकारले कभर गर्दिने हो भने न्यायोचित हुन्छ नभए समस्या नै रहन्छ । औषधि वितरणमा प्रदेशमा राम्रो छ तर उपचार र शल्यक्रिया केन्द्रमा नै धाउनुपर्ने अवस्था छ ।”रासस


**रुपनी गाउँपालिका वडा नं. ०१, रायपुरमा स्थित युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि.संचालनको लागी आवश्यक पर्ने वातावरणीय प्रभाव मूल्यात्तन (EIA) प्रतिबेदन तयारी सम्बन्धी**

## सार्वजनिक सूचना


मधेश प्रदेश सप्तरी जिल्ला रुपनी गाउँपालिका वडा नं. ०१, रायपुर स्थित युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि.ले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागेको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम : | युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि.को वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिबेदन तयारी गर्ने कार्य |
| प्रस्तावकको नाम र ठेगाना : | नामः- युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि.<br>ठेगानाः- रुपनी गाउँपालिका वडा नं. ०१, रायपुर, सप्तरी<br>सम्पर्क नंः- ०३१-५३१२४९,९८०१५२०००७ |
| प्रस्तावको ब्यहोराः | जिल्ला सप्तरी रुपनी गाउँपालिका वडा नं. ०१ को कित्ता नं. ६१०, ७८२, ५३६, ६१६, ४३७ र १७३ गरी ६ वटा कित्ताको कुल क्षेत्रफल २-७-१ (१६,०८५ वर्ग मिटर) भएको जग्गा र सो मा निर्माण भएको भवनहरुमा २०० शैयूया हस्पिटल संचालन गर्ने कार्य को वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिबेदन तयारी गर्ने कार्य । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा : | जिल्ला सप्तरी रुपनी गाउँपालिका वडा नं. ०१ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिबेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालय : | रुपनी गाउँपालिका<br>०१ नं वडाको कार्यालय, सप्तरी |
| प्रस्तावकको नाम र ठेगाना : | नामः- युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि.<br>ठेगानाः- रुपनी गाउँपालिका वडा नं. ०१, रायपुर, सप्तरी<br>सम्पर्क नंः- ०३१-५३१२४९,९८०१५२०००७ |
| परामर्शदाताको नाम र ठेगाना : | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, पर्सा ।<br>सम्पर्क व्यक्ति : शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेल : shambhuprasadchaurasia@gmail.com |




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# बेतुकको विवाद

गंगासगर जनकपुरधामको धार्मिक धरोहर हो । गंगासागरको संरक्षण, सौन्दर्यकरण आवश्यक छ। गंगासागरको सौन्दर्य र संरक्षण र स्वच्छताका लागि देखिएको जागरुकता प्रशंसनीय छ। राजनीतिक दल अथवा सामाजिक संघसंस्थाहरुले धार्मिक, सांस्कृतिक महत्व बोकेका स्थलहरुको संरक्षणका लागि अग्रसर हुनु सराहनीय कार्य हो । समाजका सबै वर्ग र समुदायले सकारात्मक रुपमा सहयोग गर्न अग्रसर हुनुपर्छ । जनकपुरधाम धार्मिक नगरीको रुपमा प्रसिद्ध छ । यहाँ भारतीय लगायतका विदेशीहरुले धार्मिक र सांस्कृतिक धरोहरहरुको दर्शन, अवलोकन गर्न आउने गर्छन् । नेपालीहरु जनकपुरधामको रेल चढ्न पनि आउछन् । जनकपुरधामवासी, स्थानीय सरकार, प्रदेश सरकारले यहाँ गर्नुपर्ने प्रशस्त कार्यहरु छन् । त्यसका लागि बृहत्त छलफल र सहकार्यको आवश्यकता छ ।स्थानीयवासिन्दा अग्रसर नभएसम्म जनकपुरधामको संरक्षण, सम्वर्द्धन र विकास हुन सक्दैन् । गंगासागरको पूर्वी दक्षिणी डिलमा निर्माण हुन लागेको स्व.रामनारायण मिश्रको स्मृति भवनले सौन्दर्य बढाउने नक्सा सार्वजनिक गरिएको छ । गंगासागरको सौन्दर्यलाई स्मृति भवनले बिगार्ने काम गरेको जस्तो देखिदैन । जनकपुरधामको विकासका लागि स्व.मिश्रले २०१६ सालमा गरेको योगदान अविष्मरणीय र अद्वितीय छ । कुनै बेला देशमै सर्वाधिक राजस्व बुझाउने र हजारौं मानिसलाई प्रत्यक्ष रोजगारी प्रदान गर्ने जनकपुर चुरोट कारखानाको स्थापना स्व. मिश्रले गराएका थिए । उनको देहावसान भएको ५७ वर्षपछि स्मृति भवन निर्माण गर्न लागिएको छ । मधेश प्रदेश सरकारको बजेटबाट निर्माण हुन लागेको स्मृति भवन निर्माणमा अवरोध गर्नुको कुनै तुक छैन । गंगासागरको उत्तरी पश्चिम डिलमा रहेको धर्मशालाले गंगासागरको सौन्दर्यलाई बढाइरहेको छैन । त्यसले गंगासागरको सौन्दर्य र स्वच्छतालाई बिगारेको छ। पश्चिम डिलमा अव्यवस्थित रुपमा भएको निर्माणले गंगासागरको सौन्दर्यलाई छेकेको छ । दशिणतर्फ पनि घाटमाथि गरिएको निर्माणले गंगासागरको सौन्दर्यलाई बढाएको छैन । तर त्यत्रो काम हुँदा सबै पक्ष मौन नै रहेका थिए । स्व.रामनारायण मिश्रको स्मृति भवनमा राजनीतिक कारणले विवाद गर्नु उपयुक्त होइन । जनकपुरधामका धेरै वीरहरुले अनेक कालखण्डमा विरता देखाएका छन् । कतिपयले सहादत दिएका छन् । कतिपयले उत्कृष्ट कार्य गरेर जनकपुरधामको मान र शान बढाएका छन् । त्यस्ता सपुतहरुको स्मरणमा शालिक निर्माण, स्मृति भवन निर्माण, धर्मशाला, विद्यालय निर्माण, सडकहरुको नामाकरण गरिनु पर्छ । चीरकालसम्म योगदानलाई स्मरण गर्न यस्ता कार्यहरु हुन आवश्यक छ । यसमा दलगत बिभाजन उपयुक्त होइन । हरेक विषयमा राजनीतिक स्वार्थलाई अगाडि सार्न हुँदैन । गंगासागरको डिलमा स्व.मिश्रको स्मृति भवनको विरोध गर्नेहरुले पनि अन्यत्र शालिक अथवा स्मृति भवन निर्माण हुनुपर्नेमा जोड दिइरहेका छन्। उनीहरुको सोच पनि सकारात्मक नै छ । गंगासागरको संरचना, स्वच्छता र सौन्दर्यतामा प्रतिकूल असर नपर्ने गरी भइरहेको स्व. मिश्र स्मृति भवन निर्माणमा विवाद नगरी सहयोग गरेर उदारता देखाउन आवश्यक छ।

# स्कुल गुणस्तरीय छ कि छैन, कसरी थाहा पाउने?



प्रविज्ञ रेग्मी

कक्षा ८ मा पढ्दै गरेकी अञ्जली प्रायः सबै विषयमा अनुत्तीर्ण हुन्थिन्। यो शृंखला कक्षा ४ देखि चलेको थियो।स्कुलमा अञ्जली पढ्ने स्वभाव नभएकी वा ढिला पनि भनिन्थ्यो। अभिभावक दिक्क थिए। शिक्षक र स्कुलले यो अवस्थालाई कसरी समाधान गर्ने भनेर छलफल पनि गरे। तर समस्या ज्युँकात्युँ रह्यो।

अभिभावकले स्कुल फेर्ने निर्णय गरे। उनीहरूको खोज गुणस्तरीय स्कुल थियो जहाँ अञ्जलीको सबैथोक प्रगति होस्।तर एक प्रश्न तेर्सियो – कस्तो होला त्यस्तो आदर्श स्कुल? कसरी थाहा हुन्छ स्कुल स्तरीय छ वा छैन भनेर?

यो एक प्रतिनिधि प्रश्न मात्र हो। धेरैले स्कुलको गुणस्तरलाई अमूर्त मान्छन् र यसको लेखाजोखा गर्न नसकिने भन्छन्।तर के साँच्चै स्कुलको स्तर नाप्न वा जोख्न नमिल्ने हो र?

यो लेखमा यसैको विश्लेषण गर्नेछु। आशा छ, यसका तथ्यगत बुँदाहरूले स्कुल आफैलाई पनि मूल्यांकन गर्ने आधार दिनेछ र अन्यलाई स्कुलको स्तर आकलन गर्न सघाउ पुग्नेछ। र, अन्त्यमा अञ्जलीको यस अवस्थालाई के गर्नुपर्ने हो, त्यसको आधार दिनेछु।स्कुलको स्तर हुन्छ र यो विभिन्न मानदण्ड प्रयोग गरेर लेखाजोखा गर्न सकिन्छ। तसर्थ यो पूरै अमूर्त होइन, यो गुणात्मक अध्ययनको भाग हो। तर स्तरीय स्कुलमा सबै विद्यार्थी सफल हुन्छन् भन्ने छैन।

यहाँ अर्को प्रश्न फेरि तेर्सिन्छ, स्तरीय स्कुलमा सबै विद्यार्थीको सफलताको सुनिश्चितता छैन भने कसरी स्कुल स्तरीय भयो त?

ओइसिडी र पिसाको अध्ययनले स्कुलको गुणस्तर र विद्यार्थी सफलताको सहसम्बन्ध तथ्यांक विन्दु ०.५ देखाउँछ। यो भनेको मध्यम तर अर्थपूर्ण सहसम्बन्ध हो। तथ्यांकशास्त्र अनुसार विन्दु १ ले पूर्ण सहसम्बन्ध देखाउँछ भने ० ले सहसम्बन्ध नभएको इंगित गर्छ।तसर्थ स्कुलको स्तरले मात्रै विद्यार्थी सफलताको पूर्ण प्रत्याभूति दिँदैन। विद्यार्थी सफलताको अर्को महत्त्वपूर्ण पक्ष छ, त्यसलाई विद्यार्थीको शैक्षिक अनुभव भनिन्छ। यो भनेको विद्यार्थीको व्यक्तिगत सिकाइ अनुभव हो।

यहाँ दुई तत्वहरू रहे, पहिलो स्कुलको स्तरीयता र दोस्रो त्यहाँ विद्यार्थीको व्यक्तिगत सिकाइ अनुभव।

पहिला हेरौं गुणस्तरीय स्कुल नापजोखका मानदण्डहरू।

स्तरीय स्कुलका मानकहरूलाई सामान्यीकरण गर्दा यसका तीन आयामहरू अनुसन्धानले पहिल्याउँछ।

एक, शैक्षिक प्रणाली।

दुई, सिकाइको वातावरण।

तीन, खाका वा शैक्षिक रूपरेखा।

यसलाई यसरी बुझौं – यदि शैक्षिक प्रणाली इन्जिन हो भने सिकाइ वातावरण त्यस गाडीभित्रको इन्धन र हावाको सन्तुलन हो। खाका वा शैक्षिक ढाँचा भनेको च्यासिस, गियर इत्यादिको बनावट र गाडीको नियन्त्रणहरू हुन्। यी सबैको समन्वयमा गाडीले हामीलाई गन्तव्यमा पुर्‍याउँछ।

प्रणाली भन्ने शब्दले त्यस स्कुलको नीति, स्रोत र अभ्यासहरूलाई समेट्ने समग्र संरचनालाई जनाउँछ। यसले प्रभावकारी शिक्षण र सिकाइलाई सहज बनाउँछ।यसभित्र स्पष्ट शैक्षिक उद्देश्यहरू, त्यसका मापदण्डहरू र जवाफदेयिता पर्छन्।स्कुल प्रशासनको मूलभूत स्वरूप यसैमा रहन्छ। शैक्षिक लक्ष्यहरू र तिनका कार्यान्वयनका रणनीतिबीच समन्वय यसले गर्छ।

अर्को भाषामा भन्दा प्रणालीले प्रशासनको गन्तव्यको निर्धारण गर्छ वा स्तरीय स्कुलमा शैक्षिक स्तरका लागि प्रशासन उद्देश्यपूर्ण र परिभाषित लक्ष्यतर्फ उन्मुख हुन्छ। यसलाई स्कुलको मान्यता र शैक्षिक नीति हेरेर पहिल्याउन सकिन्छ।प्रणाली भित्र पाठ्यक्रम र मूल्यांकन रहन्छन्। पाठ्यक्रमले विद्यार्थीले प्राप्त गर्न पर्ने ज्ञान, सीप र चरित्र निर्माणलाई निर्दिष्ट गर्छ र मूल्यांकनले विद्यार्थीका प्रगति निगरानी र शिक्षण प्रक्रियालाई मार्गदर्शन गर्छ। पाठ्यक्रमको स्तर र मूल्यांकनका सूचक हेरेर स्कुलको स्तरीयताको पहिचान गर्न सकिन्छ।

शिक्षक विकास र शिक्षकलाई दिइने टेवा पनि प्रणाली भित्र पर्छ। यसको अर्थ योग्य शिक्षकको भर्ना, निरन्तरको व्यावसायिक विकास र शिक्षण अभ्यासलाई सशक्त बनाउन परिचालन गरिने स्रोत र त्यस्ता कार्यको व्यवस्थापन हो।भौतिक पूर्वाधारलाई पनि प्रणाली अन्तर्गत समेटिन्छ। यसमा कक्षाकोठाका आवश्यक संसाधन र सिकाइ अनुकूलको संरचना, कार्यगत बनावट, विद्यार्थी सुरक्षा पर्छन् जसलाई अवलोकन गरेर स्तरीयता आकलन गर्न सकिन्छ।

यस्तै गरी प्रणालीमा समुदाय र सरोकारवालासँगको सहकार्य जसमा विद्यार्थीको सिकाइलाई सहयोग दिने विद्यालय, परिवार र समग्र समुदाय बीचको सम्बन्ध रहन्छ।यी सबै पक्षहरू एक अर्कासँग अन्तरसम्बन्धित छन् र प्रणालीको प्रभावकारिता यिनको समन्वयमा निर्भर गर्छ। उल्लेख्य के छ भने राम्रोसँग निर्माण गरिएको पाठ्यक्रम कार्यान्वयन गर्न सक्षम शिक्षक, आवश्यक स्रोतहरू र प्रभावकारी मूल्यांकन पद्धति चाहिन्छ। त्यस्तो समन्वय भएकालाई गुणस्तरीय स्कुल भनिन्छ।

गुणस्तरीय स्कुलहरूको अति नै महत्त्वपूर्ण अर्को मानक हो– सिकाइ वातावरण।

घाम, ठिक्क पानी, पोषणयुक्त माटो भएमा फूल आफै फक्रिन्छ। तिनको सन्तुलन नभए परिणाम अर्कै आउँछ। यही उदाहरणलाई सिकाइको वातावरणसँग दाँज्न मिल्छ।

शैक्षिक वातावरण भनेको सही बाह्य वातावरण सहितको भावनात्मक, सांस्कृतिक, सामाजिक र मनोवैज्ञानिक परिवेशको समग्रता हो, जसले सिकाइ र अध्यापनलाई स्वरूप दिन्छ।

शिक्षाविद जी. अर्थम्यानको अध्ययनले सुरक्षित, सफा, उज्याला कक्षाकोठा, सजिलै बस्न र दायाँबायाँ चल्न मिल्ने ठाउँ, पुस्तक, सिकाइ सामग्री उपलब्धता, शिक्षकको ध्यान पुग्न सक्ने कक्षा बनावट, प्रविधिको पहुँच र २० देखि २५ सम्म विद्यार्थी संख्या भएका कक्षाहरूमा विद्यार्थीहरूको शैक्षिक प्रदर्शन उच्च भएको देखाएको छ।

प्राज्ञिक, सामाजिक र भावनात्मक शिक्षाका लागि काम गर्ने संस्था 'क्यासेल' को अनुसन्धानले भावनात्मक सुरक्षा भएका स्कुलमा विद्यार्थी सहभागिता र व्यवहारमा सुधार आउने देखाउँछ। क्यासेलको खाकाले अपनत्व, विश्वास, भावनात्मक टेवा, विद्यार्थीका प्रयासलाई सम्मान र प्रोत्साहन दिने, असफलताको डर बिना खुला सोच र जिज्ञासालाई प्रेरणा दिने वातावरणलाई छुटाउन नहुने बताउँछ।

शिक्षक विद्यार्थी र सहपाठीबीच सकारात्मक सम्बन्ध हुने, समूहमा मिलेर बस्ने, सहकार्य गर्ने, शिक्षकको सहानुभूति, निष्पक्ष व्यवहार भएको वातावरणमा विद्यार्थीहरूको सफलता उच्च हुने अध्येता बिके हम्रे भन्छन्।यस्तै युनेस्कोको अध्ययनले समावेशिता र समानताको वातावरण, भाषा, संस्कृति इत्यादिका विविधता स्वीकार गरिने, भेदभाव नभएको परिवेशमा विद्यार्थीको विकास तीव्र हुने देखाउँछ।

उपर्युक्त पक्षहरू स्तरीय विद्यालयका सामाजिक-भावनात्मक मानकहरू हुन्। तिनका अभ्यासका आधारमा विद्यालय गुणस्तरको निष्कर्ष निकाल्न सकिन्छ।स्पष्ट शैक्षिक खाका भएकालाई गुणस्तरीय स्कुल भनिन्छ। यो स्तरीयताको तेस्रो आयाम हो। यसलाई स्कुलको शैक्षिक कार्यक्रम भनेर पनि चिनिन्छ। शैक्षिक कार्यक्रम बिना स्कुलहरू कहिल्यै पनि स्तरीय बन्दैनन्।

> स्कुलको स्तरीयता र विद्यार्थीको सिकाइको स्तर नै स्कुल र विद्यार्थी सफलताका कारण हुन्। तिनलाई तीन प्रमुख तत्वहरुले मूर्त रुपमा निर्धारण गर्छन्– प्रभावकारी शिक्षक, स्कुलमा सिकाइको वातावरण र स्कुलको शैक्षिक नेतृत्व जसले शिक्षा प्रणाली र यसको रुपरेखा जीवन्त बनाउँछ।

यसको गुदीमा पाठ्यक्रम संरचनाले के पढाइन्छ र कसरी अध्यापन गरिन्छ भन्ने निर्धारण गर्छ। यसले विषय ज्ञान, त्यसका कौशल र विषयहरूबीच ज्ञानको विकासलाई सुनिश्चित गर्छ। उदाहरणका लागि, यस भित्र आलोचनात्मक वा मौलिक सोच, रचनात्मक सिकाइ, सहकार्य (बिना प्रतिस्पर्धाको वातावरण) र प्रभावकारी सूचना आदानप्रदान पर्छन्।यसपछि सिकाइ नतिजा पर्छ। यस अवस्थामा शिक्षकहरूले आफ्ना विषयका दक्षता स्पष्ट निर्धारण गर्छन्। यस भित्र उमेर अनुसारको उपयुक्त बौद्धिक विकास, चुनौतीका सन्तुलन इत्यादि रहन्छन्।

विद्यार्थीका सोचमा आएका परिवर्तनलाई सिकाइ नतिजाका आधारमा परिस्कृत गरिन्छ। पढाइलाई विश्वव्यापी मापदण्डसँग मेल गराइन्छ। विद्यालयको शैक्षिक कार्यक्रमले शिक्षा प्रक्रिया र ज्ञानको समग्रतालाई जोड्छ।

हाम्रो परिप्रेक्ष्यको कुरा गर्दा नेपालको पाठ्यक्रम विश्वस्तरमा कहाँ छ त्यसको जानकारी राखिन्छ र त्यसै अनुरूप स्तरीय स्कुलले यसलाई काँटछाँट र स्तरीकृत गर्छन्।गुणस्तरीय स्कुलको केन्द्रमा अध्यापन रणनीति वा विधिशास्त्र आउँछ। यहाँ सिकाइ उद्देश्य र विद्यार्थी आवश्यकतासँग मेल खाने रणनीतिहरूका प्रयोग पर्छन्।उदाहरणका लागि प्रत्यक्ष शिक्षण, परियोजना आधारित सिकाइ, विभेदित शिक्षण वा अन्वेषण वा जिज्ञासा आधारित शिक्षण जस्ता पक्षहरूलाई विद्यालयको शैक्षिक कार्यक्रममा कसरी संयोजन गरिएको छ भन्ने यसमा आउँछ।

शैक्षिक खाकाको अन्तिम तर महत्त्वपूर्ण पक्ष भनेको मूल्यांकनको रूपरेखा हो। र, बुझ्नुपर्ने कुरो सिकाइ उद्देश्य र शिक्षण विधिको प्रत्यक्ष सम्बन्ध हो।शिक्षण एकतर्फ र मूल्यांकन अर्कोतर्फ भएमा शिक्षा प्रक्रिया अस्वाभाविक हुन्छ र उद्देश्यपूर्ण बन्दैन। उल्लेख्य के छ भने, धेरै स्कुलहरू शिक्षण एक तरिकाले गर्छन् तर त्यस सिकाइ अनुसारका मूल्यांकन प्रक्रिया पाखा लगाउँछन्। यस अवस्थामा ती स्कुलले सोचेको जस्तो परिणाम ल्याउन सक्दैनन् र असफल बन्छन्। स्तरीय स्कुलले यो पक्षलाई उपेक्षा गर्दैनन्।

स्तरीय स्कुलले पाठ्यक्रम, शिक्षण सिकाइ र मूल्यांकन बीचको सम्बन्ध सुनिश्चित गर्छन्। यो भनेको सिकाइका उद्देश्य, प्रक्रिया र मूल्यांकनको तादात्म्यता हो।उपर्युक्त तत्वहरू केलाउँदा स्कुलको स्तर थाहा पाउन सकिन्छ। स्मरण रहोस्, तिनले विद्यार्थीको सफलता जनाउँदैनन्। विद्यार्थी सफलता भनेको स्कुलको स्तरीयताको समग्रताले उनीहरूको सिकाइ अनुभवमा पार्ने प्रभाव हो।या यसरी बुझौं, स्तरीय स्कुलले विद्यार्थीहरूलाई सही मञ्च प्रदान गर्ने मात्र हो। स्तरीय स्कुलको मानदण्डको उद्देश्य विद्यार्थीको सिकाइ अनुभवलाई सुदृढ गर्नु हो।स्तरीय सिकाइ अनुभवका लागि स्कुलको अहम भूमिका रहन्छ। तर अञ्जलीजस्ता संघर्षरत विद्यार्थीका लागि उनको सिकाइ अनुभव नै सफलताको मुख्य कारक हुन्छ।

स्तरीय सिकाइका धेरै पक्षहरू छन्, तीमध्ये प्रमुख दुई हुन् –

पहिलो, स्वयं विद्यार्थीको क्रियाशील सिकाइ र सहभागिता।

दोस्रो, शिक्षकको प्रभावकारी भूमिका।

क्रियाशील सिकाइले विद्यार्थीलाई शिक्षा प्रक्रियामा ल्याउँछ र ती प्रक्रियालाई कुशल शिक्षकले प्रभावकारी कार्यान्वयन गर्न सक्छन्। यसका लागि अञ्जलीको आवश्यकता अनुसार स्कुलले शिक्षण रणनीतिको परिवर्तन, शिक्षकको समानुभूतिपूर्ण व्यवहार र अञ्जलीको नियमित अभ्यास प्रमुख छन्।

सहसम्बन्धको तथ्यांक केलाउँदा प्रभावकारी शिक्षक र विद्यार्थी सफलताको विन्दु ०.७ सम्म हुने अध्येता हन्सेक बताउँछन्। त्यस्तै स्कुलको स्तरीय परिवेशको विन्दु ०.६ सम्म रहेको तथ्यांकले देखाउँछ।र, अन्त्यमा स्कुलको शैक्षिक नेतृत्व (शैक्षिक प्रशासन) र विद्यार्थी सफलताको विन्दु स्वेरसको अध्ययनमा ०.८ सम्म पाइएको छ।पुनश्चः तथ्यांकशास्त्र अनुसार विन्दु १ ले पूर्ण सहसम्बन्ध देखाउँछ भने ० ले सहसम्बन्ध नभएको संकेत गर्छ।

समग्रतामा अनुसन्धान भन्छ, स्कुलको स्तरीयता र विद्यार्थीको सिकाइको स्तर नै स्कुल र विद्यार्थी सफलताका कारण हुन्। तिनलाई तीन प्रमुख तत्वहरूले मूर्त रूपमा निर्धारण गर्छन्– प्रभावकारी शिक्षक, स्कुलमा सिकाइको वातावरण र स्कुलको शैक्षिक नेतृत्व जसले शिक्षा प्रणाली र यसको रूपरेखा जीवन्त बनाउँछ।सेतोपाटी

# दक्षिण एसिया र मोदी



श्रीमननारायण

वैश्विक स्तरमा कुनै पनि देशले आफ्नो सशक्त उपस्थितिलाई कसरी प्रभावकारी रूपमा प्रस्तुत गर्न सक्छ, यसको सशक्त उदाहरण हो भारत । वैश्विक राजनीतिक तथा विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा भारतको उपस्थिति र भूमिका अनिवार्य बन्दै गएको छ । भारतले आफ्नो सैन्य क्षमता, आर्थिक क्षमता, ज्ञान-विज्ञान र कौशल, आध्यात्मिक एवं सांस्कृतिक विरासत र कूटनीति समेत एकै साथ प्रयोग गरिरहेको छ ।

रुस-युक्रेन युद्ध होस् अथवा प्यालेस्टाइन-इजरायल युद्ध, भारतको समन्वयकारी भूमिकाको चारैतिर प्रशंसा भइरहेको छ । विश्वका पाँच प्रमुख अर्थ व्यवस्थामध्येको एक भारत अहिले विश्वको उदाउँदो शक्तिराष्ट्र पनि हो । दक्षिण एसियाको एउटा प्रमुख राष्ट्र भएको नाताले भारतले यस क्षेत्रको विकासमा बढी ध्यान दिनुपर्ने र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (दक्षेस) लाई क्रियाशील बनाउनुपर्ने चाहना र माग यस क्षेत्रमा रहेको देखिन्छ ।

दक्षिण छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले यस दिशामा सार्थक पाइला चालेका भए पनि दक्षिण एसियाका कतिपय देशमा भारतप्रति रहेको आधारहीन शंका र विश्वासको कमीका कारण पनि दक्षिण एसियाली सहयोग संगठन (सार्क) को अपेक्षित सक्रियतामा अवरोध देखिएको यथार्थलाई अस्वीकार गर्न सकिँदैन ।

करिब ११ वर्षअघि दक्षिण छिमेकी भारतको प्रधानमन्त्री बन्दा मोदीले आफ्नो शपथ ग्रहण समारोहमा दक्षिण एसियाका सबै देशका प्रमुखलाई आमन्त्रण गरेका थिए । त्यस शपथ समारोहमा दक्षिण एसियाका नेताहरूको उपस्थितिले सार्कको उज्ज्वल भविष्यको सम्भावनालाई संकेत पनि गरेको थियो । 'छिमेकी पहिलो'को नीतिअन्तर्गत मोदीले दक्षिण एसियाका सदस्य राष्ट्रहरूसित मिलेर काम गर्न खोजेका थिए । पाकिस्तानका तत्कालीन प्रधानमन्त्री नवाज सरिफको जन्म दिनको अवसरमा उनको उपस्थिति यसैको संकेत थियो तर पाकिस्तानी सेनाले भारतको पुलवामामा आक्रमण गरी साढे दुई दर्जनजति भारतीय सेनालाई हताहत गरेपछि भारत र पाकिस्तानबिच उत्पन्न भएको कटूता अहिलेसम्म समाप्त भएको छैन । कोभिड-१९ को समयमा पनि भारतले दक्षिण एसियाका देशहरूसित मिलेर काम गर्न खोजेको थियो, यद्यपि कोभिड-१९ को समयमा भारतले दक्षिण एसियाका देशहरूलाई आवश्यक स्वास्थ्य सामग्री र पछि खोप समेत सहयोग गरेको थियो । त्यसमा पनि पाकिस्तानले काश्मिर जस्तो विषयलाई चर्चामा ल्याएर सार्कलाई विवादित बनाउने काम गरेको थियो । विवादास्पद दुई पक्षीय मुद्दालाई सार्कको मञ्चबाट उठाउन नहुने कुरा यसको बडापत्रमै उल्लेख छ तर पाकिस्तानले निरन्तर रूपमा यस विषयलाई चर्चामा ल्याउने काम गर्दै आएको हो ।

रुस-युक्रेन युद्ध होस् अथवा प्यालेस्टाइन-इजरायल युद्ध, भारतको समन्वयकारी भूमिकाको चारैतिर प्रशंसा भइरहेको छ । विश्वका पाँच प्रमुख अर्थ व्यवस्थामध्येको एक भारत अहिले विश्वको उदाउँदो शक्तिराष्ट्र पनि हो ।

भारत र पाकिस्तानबिचको कटूता यही हदसम्म बढेको छ कि पाकिस्तानका भूतपूर्व प्रधानमन्त्री इमरान खानले एकपटक आफ्नो देशको संसदमै भनेका थिए कि भारतका प्रधानमन्त्री मोदीले उनको फोनलाई समेत रिसिभ गर्दैनन् । भारत-पाकिस्तान विवादको सोझो असर दुवै देशको दुईपक्षीय व्यापारमा परेको छ । पाकिस्तानमा खाद्य सामग्री लगायत प्रत्येक वस्तुको मूल्यमा चर्को वृद्धि भइरहेको अवस्था छ । पाकिस्तानले भारतसित सुमधुर सम्बन्ध बनाउन खोजे पनि अहिले भारतकै अभिरुचि त्यसमा देखिएको छैन ।

प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो विदेश भ्रमणको सुरुआत नेपालबाटै गर्न चाहेका थिए तर नेपालले यस सम्बन्धमा छिटो निर्णय लिन नसक्दा मोदीले भुटानबाट आफ्नो विदेश भ्रमणको थालनी गरे । भुटानपछि उनी नेपाल आएका थिए ।

सम्भवतः आफ्नो पहिलो कार्यकालमा उनी तीन-चारपटक नेपाल आएका थिए, जब कि दोस्रो कार्यकालमा आउँदै आएनन् । सम्भवतः सबैभन्दा बढी नेपाल भ्रमणमा आउने भारतीय प्रधानमन्त्री मोदी नै हुन् । मोदीले आफ्नो नेपाल भ्रमणका क्रममा पशुपतिनाथको मन्दिर, जानकी मन्दिर, लुम्बिनी र मुक्तिनाथमा पूजा-अर्चना गरेपश्चात् नेपाल भ्रमणमा आउने भारतीय तीर्थयात्री र पर्यटकहरूको संख्यामा अप्रत्याशित रूपमा वृद्धि भएको छ । सुरुमा मोदी नेपाल भ्रमणमा आउँदा काठमाडौंको बौद्धिक वृत्तमा एउटा प्रश्न उठ्ने गर्दथ्यो, 'होइन, मोदीजी किन पटक-पटक नेपाल भ्रमणमा आउन चाहन्छन् ?' आज तिनै बौद्धिक वृत्तले प्रश्न उठाउने गरेका छन् कि नेपालको पटक-पटकको आग्रहका बाबजुद पनि मोदी किन नेपाल भ्रमणमा आउन चाहँदैनन् ?' भारतको नाम सुनेपछि त्यसमा अनर्थ मात्रै हेर्ने मानसिकताका कारण पनि नेपाल-भारत सम्बन्ध धेरै प्रगाढ बन्न सकेको छैन । परम्परागत बहुआयामिक सम्बन्ध भएका कारण दुवै देशका जनताले नै यस द्विपक्षीय सम्बन्धलाई कमजोर हुन दिएका छैनन् । नेपालको समग्र विकासमा भारतको सहयोग जारी छ ।

दक्षिण एसियाकै देश श्रीलंकामा पनि भारतप्रति नकारात्मक धारणा राख्नेहरूको कमी छैन । त्यहाँको राजापाक्षे सरकारले चीनसित ऋण लिएर देशको अर्थ-व्यवस्थालाई सुधार गर्न चाहन्थे तर देशमा व्याप्त भ्रष्टाचारका कारण त्यो सम्भव भएन र चिनियाँ ऋणको चर्को ब्याजदरका कारण देश नै आर्थिक रूपले कङ्गाल हुन पुग्यो । आर्थिक संकटका बेला भारतले नै उसलाई सहयोग गर्‍यो । अहिले श्रीलंका र भारतबिच राम्रो सम्बन्ध छ ।

विगत १०-१५ वर्षदेखि देशमा व्याप्त राजनीतिक स्थिरताका कारण आर्थिक प्रगतिको बाटोमा बढिरहेको बंगलादेशमा धार्मिक उन्माद र कट्टरता बढ्न जाँदा त्यहाँ सरकार नै परिवर्तन भएको छ । एउटा जननिर्वाचित सरकारलाई सडकको भिडबाट हटाउने काम भएको छ । गैरमुसलमानप्रतिको असहिष्णुताले त्यहाँ ठुलो धनजनको क्षति गरायो । बंगलादेश अहिले राजनीतिक अस्थिरता र अराजकताको बाटोमा लागेको छ । सामान्य अवस्थामा फर्किन उसलाई एक दशक लाग्नेछ । माल्दिभ्सको अवस्था पनि बंगलादेश र श्रीलंकाभन्दा भिन्न छैन । भुटान निरन्तर रूपमा प्रगतिको बाटोमा छ । लामो गृहयुद्धबाट फर्केको अफगानिस्तान बिस्तारै राजनीतिक स्थिरता र स्थायी शान्तिको अवस्थामा फर्कन लागेको छ, तर अफगानिस्तानीहरू स्वभावले नै आक्रामक र योद्धा हुन्छन् तथा चाँडै प्रतिआक्रमण पनि गर्छन् । तसर्थ अफगानिस्तान हिंसामुक्त रहने कल्पना पनि गर्न सकिँदैन । नेपालमा स्थायी शान्ति भए पनि राजनीतिक स्थिरता कायम हुन सकेन । देशका शासकमा देश विकासका लागि समर्पण र भिजन देखिएन । छिमेकी राष्ट्रसितको सम्बन्धलाई देशको आर्थिक प्रगतिमा उपभोग गर्न सकिएन । यहाँ सिद्धान्त, दर्शन र विचारका कुरा मात्रै भए, काम भएन ।

प्रतिद्वन्द्वी राष्ट्र चीनसित पनि भारतको सम्बन्ध सुधारोन्मुख दिशामा छ । जी-२० मा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको भारतले ब्रिक्समा ठुलो भूमिका निर्वाह गरिरहेको छ । ग्लोबल साउथमा भारत र चीन दुवैले मिलेर नेतृत्वदायी भूमिकाको निर्वाह गर्ने निश्चित छ ।

अफगानिस्तानबाहेक दक्षिण एसियाका प्रायः सबैजसो देशहरूसित भारतको सिमाना जोडिएको छ । दक्षिण एसियाका देशहरूबिचको खानपान, रहनसहन, भाषा-संस्कृति, इतिहास भौगोलिक परिवेश प्रायः एक समान छन् । हाम्रा समस्या र चुनौती पनि एकजस्तै छन् तर समस्याको पहिचान गर्ने र त्यसको सम्बोधन गर्ने तरिकामा समानता देखिएन । पूर्वाग्रह, संकीर्णता तथा भाषिक र जातीय कट्टरतामा आधारित राष्ट्रवादका कारण दक्षिण एसियाका अधिकांश देशको विकास हुन सकेन । भारत मात्रै किन विकास गर्‍यो ? यसबारे हामीबिच गम्भीर चिन्तनको आवश्यकता छ । विश्वमा भइरहेका सुधार र विकासका प्रक्रियासित आफूलाई नजोडी कार्पेटमुनि धुलो लुकाउने नीति राखेका देशहरू अवश्य पनि पिछडिएका छन् । भारतसँग स्वतन्त्र भएका अथवा कहिल्यै कसैको दासत्व नबोकेको देशले किन प्रगति गर्न सकेन ? यसबारे दक्षिण एसियाका देशले गम्भीर चिन्तन गर्नुपर्छ । सार्कको तुलनामा बिमस्टेक, क्वाड र आसियानजस्ता देशहरूतिर भारतले बढी ध्यान केन्द्रित गरेको छ भने त्यसका कारण खोतल्नु हामी सबैको कर्तव्य हो । प्राकृतिक स्रोत-साधनको प्रचुर भण्डार हुँदा पनि आफू ठगिने हो कि भन्ने डरले त्रसित रहेकै कारण पनि यस क्षेत्रको विकास हुन सकेन । वैदेशिक लगानीको रङ (कुन देशबाट आएको हो) हेर्ने हो भने विकास हुन सक्दैन । दक्षिण एसियाको विकास हुन नसक्नुमा यस क्षेत्रका अधिकांश देशका शासक नै दोषी छन् ।

भारतका प्रधानमन्त्री मोदी एसियाका प्रभावशाली प्रधानमन्त्री छन् नै, थोरै समयमा अन्तर्राष्ट्रिय स्तरमा पनि आफ्नो कूटनीतिक पहलका कारण स्थापित हुन पुगे । प्रशासनिक, कूटनीतिक र इमानदारीको क्षेत्रमा सक्षम नेताका रूपमा स्थापित नेता मोदीको लोकप्रियतामा अलिकति पनि कमी आएको छैन । १४० करोड जनसंख्या भएको देश, लोकतान्त्रिक शासन प्रणाली, न्यायिक सर्वोच्चता र एक सय वर्ष पुरानो राजनीतिक पार्टीको निरन्तर विरोध तथा निगरानीका बाबजुद भारतका प्रत्येक नागरिकको प्रिय नेताको रूपमा मोदी स्थापित छन् । भारतका प्रथम प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरुपछि लगातार तेस्रोपटक प्रधानमन्त्री बन्ने अवसर पाएका मोदी देशभित्र मात्रै होइन, देशबाहिर पनि निकै लोकप्रिय छन् । अमेरिकाबाट प्रकाशित हुने प्रतिष्ठित पत्रिका 'टाइम्स'को सर्वेक्षणमा ५० लाख मतदातामध्ये एक तिहाइले मोदीको पक्षमा मतदान गरे । त्यसैबेला 'स्टेट टाइम्स'ले मोदीलाई एसियाको वर्षको महान् पुरुषको रूपमा व्याख्या गरेको थियो ।

भारतका विपक्षीले उनीमाथि कट्टर हिन्दुवादी नेता भएको आरोप लगाए पनि साउदी अरब, युनाइटेड अरब इमिरेट्स र इजिप्टजस्ता अनेकौं इस्लामिक देशहरूले आफ्नो देशको उच्च नागरिक सम्मानबाट मोदीलाई विभूषित गर्नु सामान्य उपलब्धि र लोकप्रियता होइन ।

विश्वको पाँचौं अर्थ-व्यवस्था बनेको भारत सन् २०३० अघि नै विश्वको तेस्रो अर्थ-व्यवस्था बन्ने प्रक्षेपण गरिँदै छ । अमेरिका र युरोपेली देशको आरोपका बाबजुद उनले सस्तो दरमा रुसबाट इन्धन खरिद गरे, रुस र युक्रेन दुवैले पत्याएका नेता मोदीकै कारणले रुसले युद्धमा आमविनाशकारी हतियारको प्रयोग नगरेको कुरा रहस्योद्घाटन पोल्यान्डका विदेश उपमन्त्रीले गरेका छन् । प्रतिद्वन्द्वी राष्ट्र चीनसित पनि भारतको सम्बन्ध सुधारोन्मुख दिशामा छ । जी-२० मा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको भारतले ब्रिक्समा ठुलो भूमिका निर्वाह गरिरहेको छ । ग्लोबल साउथमा भारत र चीन दुवैले मिलेर नेतृत्वदायी भूमिकाको निर्वाह गर्ने निश्चित छ । मोदी, सी चिनपिङ, डोनाल्ड ट्रम्प र भ्लादिमिर पुटिन विश्व राजनीतिका नेतृत्वकर्ता हुन् भन्दा अतियोक्ति नहोला । दक्षिण एसियाका देशहरूले मोदीको राजनीतिक अनुभव, दूरदर्शिता र प्रस्ट नीतिको लाभ लिन सक्नुपर्छ ।रातोपाटी

# आयोडिनयुक्त नुन उत्पादन तथा बिक्रीसम्बन्धी ऐन २६ वर्षपछि कार्यान्वयनमा



काठमाण्डु । सरकारले आयोडिनयुक्त नुन उत्पादन तथा बिक्री वितरणसम्बन्धी ऐन लागू गरेको छ । विसं २०५५ मा बनेको उक्त ऐन २६ वर्षपछि कार्यान्वयनमा आएको हो ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलद्वारा पेस गरिएको प्रस्ताव यही वैशाख २ गतेको मन्त्रिपरिषद् बैठकबाट पारित भएपछि ऐन कार्यान्वयनमा आएको हो ।

ऐन कार्यान्वयनमा आएसँगै स्वास्थ्य मन्त्रालयले यसअघिको अनुसन्धानमा बालबालिकामा अधिक रुपमा पाइएको आयोडिन र त्यसबाट सिर्जित स्वास्थ्य समस्या समाधानमा काम अघि बढाउन कानुनी बाटो खुला गरेको छ ।

ऐन जारी भएको सूचना २०५५ माघ १ को राजपत्रमा प्रकाशन भएर राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मितिबाट प्रारम्भ हुने उल्लेख थियो । त्यसयताका सरकारहरूले कार्यान्वयनका लागि राजपत्रमा सूचना प्रकाशन नगर्दा उक्त ऐन कानुनी रूपमा लागू भएको थिएन । जसका कारण ऐनको कार्यान्वयन तथा नियमनका लागि नियमावली तथा निर्देशिका बनाउन सकिएको थिएन । अब साढे दुई दशकपछि मन्त्रालयलाई यससम्बन्धी काम अघि बढाउन कानुनी बाटो खुला भएको छ ।

मङ्गलबारको मन्त्रिपरिषद् बैठकले आगामी साउन १ गतेदेखि लागू हुने गरी राजपत्रमा सूचना प्रकाशन गर्ने निर्णय गरेको हो । योसँगै ऐन बनेको २६ वर्षपछि बल्ल कार्यान्वयनमा आउने भएको हो ।नेपालमा विगतमा बनेको मापदण्डका कारण बालबालिकामा आवश्यकताभन्दा बढी आयोडिन उपलब्ध हुँदा गम्भीर स्वास्थ्य समस्या आएको मन्त्रालयद्वारा एक दशकअघि गरिएको अनुसन्धानले देखाएको स्वास्थ्य मन्त्रालयको स्वास्थ्य सेवा विभागअन्तर्गतको पोषण शाखा प्रमुख लिलाविक्रम थापाले बताउनुभयो ।

सन् २०१६ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको सूक्ष्म पोषक तत्व विश्लेषण सर्वेक्षणमा ६ देखि ९ वर्षका बालबालिकाको पिसाबमा तीन सय माइक्रोग्राम प्रतिलिटर आयोडिन हुनुपर्नेमा तीन सय १४ भेटिएको थियो । जसका कारण उच्च रक्तचाप, थाइरोइडलगायत समस्या देखिने गरेको चिकित्सक बताउँछन् ।

व्यावहारिक रूपमा अभ्यासमा आए पनि राजपत्रमा ऐनको सुरुआत तथा क्षेत्रसहितको विवरण प्रकाशनको सूचना नआएकाले यसले नियमावली तथा निर्देशिका बनाएर स्वास्थ्य समस्या समाधान गर्न अड्चन आएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताउनुभयो । "अब स्वास्थ्य, कृषि तथा समृद्ध मन्त्रालय मिलेर मापदण्ड परिमार्जन वा अरू आवश्यक काम गर्न सहज हुनेछ", उहाँले भन्नुभयो ।रासस

> स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलद्वारा पेस गरिएको प्रस्ताव यही वैशाख २ गतेको मन्त्रिपरिषद् बैठकबाट पारित भएपछि ऐन कार्यान्वयनमा आएको हो ।

# 'खप्तड बाबाको विचार र चिन्तनले सही मार्गमा हिँड्ने प्रेरित गर्छ'

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले खप्तड स्वामीको विचार र चिन्तनले सही मार्गमा हिँड्न प्रेरित गर्ने बताउनुभएको छ ।

खप्तडबाबा ज्योति पुरस्कार समितिले विहिबार आयोजना गरेको कार्यक्रममा पुरस्कार एवं सम्मान वितरण समारोहमा उहाँले सुदूरपश्चिम प्रदेशको रमणीय स्थल खप्तड क्षेत्रमा बसेर खप्तडबाबाले गर्नुभएको साधनाबाट निःसृत ज्ञानले मानिसलाई सही बाटोमा हिँडाउने गरेको बताउनुभयो ।



यस्ता साधकको नाममा वितरण गरिने सम्मान एवं पुरस्कारले मानिसलाई सत् मार्गमा लाग्न प्रेरणा दिने उहाँको भनाइ छ ।

नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठका प्रा डा मुकुन्द लामिछानेले खप्तड स्वामीका विचार विज्ञान, स्वास्थ्य विज्ञानजस्ता पुस्तकले व्यक्तित्व विकासमा सहयोग गर्ने बताउनुभयो । आयोजक संस्थाका अध्यक्ष उपप्राध्यापक गोविन्दप्रसाद दाहालले संस्कृत अध्ययन गरेका विद्यार्थीलाई दिइने यो पुरस्कारको राशि यसै वर्षदेखि रु एक लाखबाट वृद्धि गरी रु पाँच लाख बनाइएको जानकारी गराउनुभयो । खप्तडबाबाको ज्ञानभण्डार प्रचारप्रसारका लागि संस्थाले काम गर्ने गरेको छ । अध्यक्ष दाहालको व्यक्तिगत लगानीबाट पुरस्कार कोष स्थापना गरिएको हो ।

सो अवसरमा नेपाल वेद विद्याश्रम वनकाली र संस्कृत माध्यमिक विद्यालय रानीपोखरीबाट माध्यमिक शिक्षा परीक्षा (एसइई) मा उत्कृष्ट अङ्क ल्याउने अञ्जन ढुङ्गेल र मन्दीप पौडेललाई रु पाँच/पाँच हजार नगद र प्रमाणपत्रसहित पुरस्कृत गरिएको थियो । यसैगरी नेपाल संस्कृत विश्वविद्यालयबाट स्नातक (शास्त्री) परीक्षामा उत्कृष्ट अङ्क ल्याउनेलाई प्रदान गर्ने गरिएको पुरस्कार भने यस वर्ष चार वर्षे शास्त्री कार्यक्रम लागू भई पुरस्कृत विद्यार्थीको नाम प्राप्त नभएपछि सेवामूलक सांस्कृतिक संस्था इन्द्रेणीलाई रु २५ हजार नगदसहित सम्मान पत्र प्रदान गरिएको छ ।रासस

# द्वन्द्वकालमा भएका जघन्य अपराधलाई माफी दिन सकिँदैन: प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सङ्क्रमणकालीन न्यायलाई अन्तिम टुङ्गोमा पुऱ्याउँदा द्वन्द्वकालमा भएका अमानवीय र जघन्य अपराधलाई माफी दिन नसकिने स्पष्ट गर्नुभएको छ ।

नेपाल भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनको छैटौँ राष्ट्रिय महाधिवेशनको विहिबार उद्घाटन गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट पीडितलाई न्याय दिने गरी कार्यसम्पादन हुने बताउनुभयो ।

उहाँले ती आयोग गठन प्रक्रियामा अब ढिलाइ नहुने भन्दै अधिनायकवाद परास्त भई लोकतान्त्रिक प्रणालीमा मुलुक गइसकेकाले अब कुनै बहकाउमा लागेर कुनै पनि खालका हत्या, हिंसा, धार्मिक सद्भाव खलबलाउने गतिविधि, अराजकतालगायत कार्य स्वीकार्य नहुने स्पष्ट गर्नुभयो ।

"अहिले हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा छौँ । यहाँ जनताका बीचमा गएर प्रतिस्पर्धा गर्न पाइन्छ । चुनाव जितेर एमालेले एकल सरकार बनाएर विकास र समृद्धिका लागि अभूतपूर्व कामको थालनी गरेका बेला त्यसबाट त्रसित भएर प्रतिक्रियावादीको उक्साहटमा हामीलाई विस्थापित गरियो । अहिले संयुक्त सरकारका रूपमा हामीले काम गरिरहेका छौँ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीसँग राष्ट्र निर्माण र एकताका इतिहास छन् ।

हामी समृद्ध र सिङ्गो नेपाल नयाँ पुस्तालाई हस्तान्तरण गर्नेछौँ । हामी सिमाना खुम्चन र राष्ट्रिय स्वाभिमानमा आँच आउन दिनेछैनौँ । हाम्रो सभ्य र सुसंस्कृत समाजलाई कायम राखेर अघि बढ्छौँ ।"

प्रधानमन्त्री ओलीले विविधतायुक्त मुलुकमा सामाजिक सद्भावसहितको राष्ट्रिय एकता आवश्यक भएको बताउँदै एमालेले त्यसको अगुवाइ गरिरहेकाले भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनले देश र पार्टीप्रति गरेको विश्वासलाई अझ बलियो बनाउनुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष ओलीले यही वैशाख ११ गते लोकतन्त्र दिवसका दिन एमालेले युवाहरूको सम्मेलन आयोजना गरी जनताको अधिकार र विकासका पक्षमा उत्सव मनाउन लागेकाले त्यसमा सहभागी भई कार्यक्रम सफल बनाउन सबैसँग अनुरोध गर्नुभयो ।रासस

> हामी समृद्ध र सिङ्गो नेपाल नयाँ पुस्तालाई हस्तान्तरण गर्नेछौँ । हामी सिमाना खुम्चन र राष्ट्रिय स्वाभिमानमा आँच आउन दिनेछैनौँ ।

# 'तत्काल सरकारमा जाने मनस्थितिमा छैन'



ंचितवन । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले अहिले आफूहरू सरकारमा जाने मनस्थितिमा नरहेको बताउनुभएको छ । विहिबार पत्रकारहरूसँग कुराकानी गर्दै उहाँले आफूहरू जनतामा जाने, जनताको समस्या बुझ्नेतर्फ केन्द्रित गरेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "तत्काल सरकारमा जाने मनस्थिति छैन । जनतामा जाने, जनताका समस्या बुझ्ने र उहाँहरूका समस्या समाधानमा ध्यान केन्द्रित छ ।" उहाँले अहिले पार्टीका कमीकमजोरीलाई सुधार गरेर अघि बढ्ने समय रहेको बताउनुभयो । फेरि राजतन्त्र फर्कन सक्ला ? भन्ने पत्रकारहरूको प्रश्नमा अध्यक्ष नेपालले इतिहासको पाङ्ग्रा पछाडि नफर्कने बताउनुभयो । पूर्वराजा ज्ञानेन्द्र शाहलाई लक्षित गरी उहाँले राजतन्त्र ल्याएर फाइदा नभएको बताउँदै व्यक्तिविशेषमा राम्रो भावना, योजना भए प्रभावकारी काम गर्न सकिने धारणा राख्नुभयो ।

नेपालीहरु हाम्रो देश चलाउन, अघि बढाउन, देशको सम्मान, स्वाभिमानको रक्षा गर्न र स्वतन्त्रताको रक्षा गर्न आफैँ सक्ने अवस्थामा रहेका अध्यक्ष नेपालको भनाइ छ । शिक्षकहरूको मागका बारेमा सरकार सकारात्मक बनेर समस्या समाधान गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । वर्षौंदेखि भएका सहमति कार्यान्वयन गर्न सरकारलाई नेपालले आग्रहसमेत गर्नुभयो । उहाँले भन्नुभयो, "विद्यार्थीको भविष्यसँग जोडिएको विषय छ । यसलाई सरकारले समाधान गर्न तदारुकता देखाउनु पर्छ ।"रासस

# चलचित्रसम्बन्धी कानुनलाई संशोधन गर्न बनेको विधेयक संसद्मा पेस हुने

काठमाण्डु । यही वैशाख २ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकले चलचित्रसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्समक्ष पेस गर्न स्वीकृति दिने निर्णय गरेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा निर्णय सार्वजनिक भएसँगै चलचित्रकर्मी उत्साहित देखिएका छन् ।

विसं २०२६ को चलचित्र ऐनलाई प्रतिस्थापन गर्नेगरी ल्याउन लागिएको उक्त विधेयकको मस्यौदा एक महिनाअघि चलचित्र विकास बोर्डले मन्त्रालयमा पठाएको बोर्डका अध्यक्ष दिनेश डिसीले जानकारी दिनुभयो । "हामीलाई रहेको कानुनी कठिनाइलाई नयाँ चलचित्र ऐनले सहज गर्नेछ । चलचित्र ऐनले यस क्षेत्रमा आवद्ध सबैलाई लाभ दिनेमा हामी विश्वस्त छौँ", उहाँले भन्नुभयो ।

समावेशी सिद्धान्तको आधारमा दुई महिलासहित बोर्ड सञ्चालक समितिमा पाँचजना सदस्य नियुक्त गर्नुपर्ने, यसअघि चलचित्र भवन अनुमगन र नियमनका क्रममा कारबाही र सजाय गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेमा प्रस्तावित विधेयकमा रु १० लाख जरिवाना र चलचित्र भवन बन्द गर्न सक्ने अधिकार बोर्डलाई दिने प्रस्ताव गरिएको बोर्डले जनाएको छ ।

पछिल्लो समय विश्वभर लोकप्रिय भरहेको 'ओभर दि टप (ओटिटी)' मार्फत चलचित्र प्रदर्शन गर्ने, कल्याणकारी कोष कार्यविधिबाट सञ्चालन गर्ने चलचित्र प्रशिक्षण प्रतिष्ठान गठन गर्नेलगायत प्रस्ताव गरिएका बोर्डले जनाएको छ । रासस


## राजर्षिजनक विश्वविद्यालय
### डीनको कार्यालय
### जनकपरधाम, धनुषा
### सूचना

**सूचना प्रकाशन मितिः २०८२/०१/०५**

राजर्षिजनक विश्वविद्यालय मानविकी तथा कानून संकाय डीनको कार्यालय, विज्ञान प्रविधि तथा इन्जिनियरिङ्ग संकाय डीनको कार्यालय र व्यवस्थापन संकाय डीनको कार्यालयको खरिद समितिहरुको बैठकको निर्णयानुसार तत तत् डीनको कार्यालयहरुमा रहेको DLI-5 को बजेटबाट तपसिलमा उल्लेखित सामाग्रीहरु खरिद गर्न आवश्यक भएकोले इच्छुक योग्य आपूर्तिकर्ताले संस्था दर्ता प्रमाण पत्र, आ.व. ०८०/८१ को कर चुक्ता प्रमाण पत्र तथा सम्बन्धित अन्य कागजातहरु सहित संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय सम्ममा सामाग्री सूची बमोजिम छुट्टाछुट्टै रितपूर्वक दरभाउपत्र वा शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सूचित गरिएको छ। राजर्षिजनक विश्वविद्यालयको वित्तिय व्यवस्थापन तथा नियन्त्रण नियमावली २०७५ को नियम ३०.३को उपनियम (क) बमोजिम शिलबन्दी दरभाउपत्र फारम दस्तुर रु. १,०००।- (एक हजार) राष्ट्रिय वाणिज्य बैंक, पिडारी शाखा, जनकपुरधाममा "DEAN KO KARYALAY BIGYAN PRABIDHI T" नाँउमा रहेको खाता "च.हि.नं. १५२०१००००२६९०००१" मा जम्मा गरेको सक्कल भौचर पेश गरी यस कार्यालयबाट शिलबन्दी दरभाउपत्र फारम प्राप्त गर्न सकिनेछ।

विस्तृत जानकारीको लागि सम्पर्क नं ९८५१२७४०३९, ९८६४०४१०८१ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

**तपसिलः**

| क्र. सं. | कार्यालय | सामाग्री | संख्या | Specifications | अधिकतम रकम | दरभाउपत्रको किसिम |
|---|---|---|---|---|---|---|
| १. | मानविकी तथा कानून संकाय डीनको कार्यालय | Smart Board | २ थान | 75 inch or above with OPS System | रु पाँच लाख सम्म | रितपूर्वक दरभाउपत्र |
| | | Meeting Chair | ८ थान | Vertebrae positioned | रु सत्तरी हजार सम्म | रितपूर्वक दरभाउपत्र |
| | | Meeting Table | १ थान | (L-96 inch, B-36 inch, H-30 inch) or above | रु चालिस हजार सम्म | रितपूर्वक दरभाउपत्र |
| | | Book Showcase | ३ थान | 5.5 ft or above | रु पैसठी हजार सम्म | रितपूर्वक दरभाउपत्र |
| | | Stand Fan | ३ थान | 3 blades or above | रु तीस हजार सम्म | रितपूर्वक दरभाउपत्र |
| २. | व्यवस्थापन संकाय डीनको कार्यालय | Desk | २० थान | (L-55inch, B-14 inch, H-30 inch) or above with Bag Holder | रु. तीन लाख पचहत्तर हजार सम्म | रितपूर्वक दरभाउपत्र |
| | | Bench | २० थान | (L-55inch, B-12 inch, H- 18 inch) or above | | |
| | | Smart Board | २ थान | 75 inch or above with OPS System | रु पाँच लाख सम्म | रितपूर्वक दरभाउपत्र |
| ३. | विज्ञान, प्रविधि तथा इन्जिनियरिङ्ग संकाय डीनको कार्यालय | Computer Set | २० थान | Monitor - 17 inch or above<br>Processor - i5/i7<br>RAM - 8 GB or above<br>Hard Disk - 500 GB or above<br>SSD - 256 GB or above<br>Licensed Operating System<br>Graphics Card - 4 GB or above | रु. सोह्र लाख सम्म | शिलबन्दी दरभाउपत्र |
| | | Smart Board | १ थान | 75 inch or above with OPS System | रु दुई लाख पचास हजार सम्म | रितपूर्वक दरभाउपत्र |

**खरिद समिति**



## Govt. of Madhesh Pradesh
## Ministry of Labour and Transport
## Janakpurdham
## Invitation for Bids

**Date of Publication:-2082/01/05**

1. Ministry of Labour and Transport, Madhesh Pradesh, Janakpurdham Invites online bid under e-bidding System Through The Procurement of (Purchase of 500 Km Range Electrical Vehicle) National Competitive (NCB) single Stage single Envelope Bidding Procedure.

| S. No | Contract ID No. | Name of Work | Bid Security Amount (NRs) | Cost Bidding of Document (NRs) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1. | MOLT/MP/NCB/GOODS/081/082/03 | Purchase of 500 Km Range Electrical Vehicle | 3,60,000/- | 3000/- | 2025/05/17 (B.S. 2082/02/04) 12.00 hours | 2025/05/17 (B.S. 2082/02/04) 2.00 hours |

2. Eligible bidders may obtain further information from the office of Ministry of Labour and Transport, Madhesh, Pradesh, Janakpurdham or may visit https://www.bolpatra.gov.np/egp/

# चीनद्वारा 'रेअर अर्थ' धातु र चुम्बक निर्यातमा अङ्कुश, अप्ठ्यारोमा अमेरिका

बीबीसी

काठमाण्डु । संयुक्त राज्य अमेरिका र चीनबीच 'व्यापार युद्ध' चर्किँदा दुवैले एकअर्कामथि सामान आयात गर्दा चर्को शुल्क लगाएको विषयमा धेरैको ध्यान केन्द्रित भएको छ। तर वाशिङ्टनलाई जबाफ दिन चीन केवल करमा मात्र सीमित छैन।

चीनले 'रेअर अर्थ' वर्गमा पर्ने निकै महत्त्वपूर्ण खनिज पदार्थहरू र चुम्बकको निर्यातमा अङ्कुश लगाएपछि अमेरिका अप्ठ्यारोमा परेको छ।

बेइजिङको कदमले अमेरिका ती खनिज पदार्थमा कति परनिर्भर रहेछ भन्ने उदाङ्गो भएको छ। यो साता अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले आफ्नो वाणिज्य मन्त्रालयलाई त्यस्ता खनिज पदार्थको उत्पादन बढाउन र आयातमा भर पर्ने अवस्था हटाउन निर्देशन दिए। 'रेअर अर्थ' पदार्थको महत्त्व के हो र तिनले जारी व्यापार युद्धलाई कसरी प्रभावित पार्न सक्छन् त? रासायनिक समानता भएका १७ वटा तत्त्वहरू 'रेअर अर्थ' वर्गमा पर्छन्। विभिन्न हाइ-टेक अर्थात् उन्नत प्रविधिका सामग्री उत्पादन गर्न यी तत्त्वहरू अत्यावश्यक हुन्छन्।

प्रकृतिमा यी तत्त्वहरू पर्याप्त मात्रामा हुन्छन्।तर हतपत विशुद्ध अवस्थामा नपाइने भएकाले तिनलाई दुर्लभप्रायः मानिन्छ र तिनलाई निकाल्ने प्रक्रिया पनि निकै हानिकारक हुन्छ।

त्यसैले ती पदार्थलाई दुर्लभ अर्थ लाग्ने 'रेअर' भनिएको हो। तपाईँ नीओडिमिअम, यिट्रिअम र युरोपिअमजस्ता नामसँग परिचित नहुन पनि सक्नुहुन्छ। तर तिनको प्रयोग गरेर निर्माण गरिएका वस्तुहरू तपाईँले प्रयोग गर्दै आउनुभएको हुन सक्छ। उदाहरणका लागि, लाउडस्पीकर, कम्प्युटरका हार्ड ड्राइभ, विद्युतीय सवारीसाधन र जेट विमानका इन्जिनमा नीओडिमिअम प्रयोग गरिएको हुन्छ।उक्त तत्त्वले ती वस्तुलाई सानो आकारमै बढी प्रभावकारी हुन सघाउँछ। यिट्रिअम र युरोपिअम टेलिभिजन र कम्प्युटरका स्क्रीन बनाउन प्रयोग गरिन्छ। स्क्रीनमा राम्ररी रङ्ग 'डिस्प्ले' गर्न यी तत्त्वको भूमिका महत्त्वपूर्ण हुन्छ।

"तपाईँले स्विच थिचेर खोल्न र बन्द गर्न मिल्ने सबै साधनहरू 'रेअर अर्थ' तत्त्वबाट चलेका हुन सक्छन्," जिन्जर इन्टरन्याशनल ट्रेड एन्ड इन्भेस्ट्मन्टका निर्देशक टामस क्रूमर भन्छन्।लेजर शल्यक्रिया र एमआरआई स्क्यानजस्ता चिकित्सकीय महत्त्वका प्रविधिको उत्पादनमा पनि रेअर अर्थ पदार्थहरू अत्यावश्यक हुन्छन्। प्रतिरक्षा प्रणालीमा प्रयोग हुने मुख्य प्रविधिमा पनि यी पदार्थहरूको ठूलो महत्त्व छ। रेअर अर्थ पदार्थहरूको उत्खनन र अरू खनिज पदार्थबाट छुट्ट्याएर गरिने प्रशोधनमा चीनको एकाधिकारजस्तै छ।

विश्वभरि उत्पादन हुने 'रेअर अर्थ' पदार्थमध्ये चीनले ६१ प्रतिशत गर्ने र त्यसमध्ये उसले ९२ प्रतिशत पदार्थ प्रशोधन गर्ने आकलन अन्तरर्ाष्ट्रिय ऊर्जा निकाय 'आईईए' ले गरेको छ। अर्थात् विश्वभरि हुने 'रेअर अर्थ'को आपूर्तिमा चीनको वर्चस्व छ। उससँग ती पदार्थहरू कसलाई दिने वा कसलाई नदिने भन्ने क्षमता छ।

यी पदार्थको उत्खनन र प्रशोधन गर्ने दुवै प्रक्रिया निकै महँगा छन्। ती प्रक्रियाबाट वातावरण पनि प्रदूषित हुन्छ।रेअर अर्थ पदार्थका सबै स्रोतहरूमा विकिरणयुक्त तत्त्वहरू पनि हुन्छन्। त्यसैले ईयूमा संलग्न र अन्य देशहरू ती पदार्थ उत्पादन गर्न अनिच्छुक देखिन्छन्।

"उत्पादन गर्दा उत्पन्न हुने विकिरणयुक्त फोहोरलाई सुरक्षित, नियमसम्मत र स्थायी रूपमा विसर्जन गर्नुपर्छ ।

अहिले ईयूमा उपलब्ध सबै विसर्जनस्थलहरू अस्थायी हुन्," क्रूमर भन्छन्।

यद्यपि रेअर अर्थ पदार्थको आपूर्तिमा चीनको वर्चस्व एकैदिनमा कायम भएको हैन। दशकौँ अघिदेखि सरकारले लिएको नीति र गरेको लगानीको प्रतिफल स्वरूप अहिले चीन यो स्थितिमा आइपुगेको हो। "मध्यपूर्वसँग तेल छ, चीनसँग रेअर अर्थ पदार्थहरू छन्," चीनका तात्कालिक नेता दङ शिआओपिङले सन् १९९२ मा इनर मङ्गोलियाको भ्रमण गर्दा भनेका थिए। उनले चीनको आर्थिक सुधारको नेतृत्व गरेका थिए।

यूकेको यूनिभर्सिटी अफ बर्मिङ्घममा कार्यरत शोधार्थी ग्याभिन हार्पर चीनले बिसौँ शताब्दीको अन्त्यतिर रेअर अर्थ पदार्थहरूको उत्खनन र प्रशोधन गर्ने क्षमता बढाउन थालेको बताउँछन्।

उनका अनुसार अरू देशको तुलनामा चीनले अवलम्बन गर्ने पर्यावरणीय सुरक्षाको मापदण्ड र श्रमिकलाई दिने खर्च निकै कम छ।

"त्यसबाट उनीहरूलाई अरू प्रतिस्पर्धीले भन्दा सस्तोमा बेच्न र उत्खनन तथा प्रशोधनदेखि चुम्बकजस्ता तत्काल प्रयोग गर्न मिल्ने सामानको उत्पादनसम्म लगभग आफ्नो एकाधिकार कायम गर्न सजिलो भयो।" वाशिङ्टनले लगाएका विभिन्न ट्यारिफ अर्थात् अतिरिक्त आयात शुल्कहरूको प्रत्युत्तर दिने क्रममा चीनले यो महिनाको सुरुतिर सातवटा 'रेअर अर्थ' पदार्थको निर्यातमा प्रतिबन्ध लगाउन निर्देशन दियो। प्रतिरक्षा क्षेत्रमा अत्यावश्यक मानिने रेअर अर्थमध्ये पनि "हेभी" अर्थात् गह्रँगा तत्त्वको आपूर्तिमा चीनले कडाइ गरेको थियो।

'लाइट रेअर अर्थ' पदार्थहरूभन्दा कम पाइने भएकाले र तिनको प्रशोधन पनि कठिन हुने भएकाले 'हेभी रेअर अर्थ' पदार्थहरू बढी मूल्यवान् हुन्छन्।चीनले एप्रिल ४ देखि सबै कम्पनीहरूले 'रेअर अर्थ' पदार्थ र चुम्बकहरू देशबाहिर पठाउने हो भने विशेष निर्यात अनुमतिपत्र लिनुपर्ने अनिवार्य व्यवस्था गरेको छ।चीनले परमाणुअस्त्र अप्रसार सन्धिमा हस्ताक्षर गरेको छ। त्यसैले उससँग "दुईथरी प्रयोग गर्न सकिने सामग्री"को व्यापारमा नियन्त्रण गर्न पाउने अधिकार छ।

सेन्टर फर स्ट्रटीजिक एन्ड इन्टरन्याशनल स्टडीज (सीएसआईएस)का अनुसार चीनबाहेक अरूसँग 'हेभी रेअर अर्थ' पदार्थ प्रशोधन क्षमता नभएकाले यसबाट अमेरिका अप्ठ्यारोमा परेको छ। 'यूएस जिअलजिकल'को एउटा प्रतिवेदनका अनुसार सन् २०२० देखि २०२३ सम्म अमेरिकाले आफूले आयात गरेका 'रेअर अर्थ' यौगिक र धातुमध्ये ७०% का लागि चीनमा निर्भर थियो।यसबाट पनि चीनले लगाएको अङ्कुशबाट अमेरिकामा कस्तो असर परेको छ भन्ने बुझ्न सकिन्छ।

'हेभी रेअर अर्थ' पदार्थ सैन्य प्रयोजनका लागि विशेष गरी क्षेप्यास्त्र, रेडार र स्थानीय चुम्बकहरूमा प्रयोग गरिन्छ। सीएसआईएसको एउटा प्रतिवेदनका अनुसार चीनले अमेरिकाभन्दा "पाँचदेखि छगुना तीव्र गतिमा आफ्नो अस्त्रशस्त्र उत्पादन विस्तार गर्दै अनि उन्नत अस्त्र प्रणाली तथा उपकरणहरू भित्र्याउँदै" गरेको अवस्थामा 'रेअर अर्थ' पदार्थहरूको निर्यातमा रोक लागेको हो।

"अमेरिकी प्रतिरक्षा उद्योममा पर्ने प्रभाव ठूलो हुने छ," क्रूमर भन्छन्।असर प्रतिरक्षा क्षेत्रमा सीमित छैन।ट्रम्पले आयात शुल्क बढाएर सुधार्न खोजेको सरसामान उत्पादन उद्योगहरू पनि नराम्ररी प्रभावित हुने देखिन्छ।

"सामान ढुवानी रोकिँदा र सीमित उपलब्धताका कारण उत्पादकहरूले, विशेष गरी प्रतिरक्षा र उन्नत प्रविधिको क्षेत्रमा, सम्भावित अभाव र सामान उत्पादनमा विलम्बजस्ता समस्या खेप्नुपर्ने छ," डा हार्पर भन्छन्। "महत्त्वपूर्ण 'रेअर अर्थ' पदार्थहरूको मूल्य बढ्ने ठानिएको छ त्यसो हुँदा स्मार्टफोनदेखि सैन्य सामानसम्म बनाउन प्रयोग हुने वस्तुको मूल्य तत्काल बढ्न सक्छ," उनी भन्छन्। त्यसबाट प्रभावित अमेरिकी कम्पनीहरूले सामान उत्पादन गर्ने गति घट्न सक्छ।

चीनले लामो समयसम्म आपूर्ति रोके अमेरिकाले अरू आपूर्तिकर्ता खोज्न सक्छ र आफ्नो आन्तरिक उत्पादन र प्रशोधन गर्ने क्षमता बढाउने प्रयास गर्न सक्छ। तर त्यसका लागि ठूलो र दीर्घकालीन लगानी र प्राविधिक सुधार आवश्यक गर्नुपर्ने हुन्छ। यद्यपि चीनबाट किन्दाभन्दा बढी मूल्य तिर्नुपर्ने हुन्छ।

ट्रम्पले यो कुरा बुझेका छन्। यो साता उनले त्यस्ता महत्त्वपूर्ण पदार्थहरूको परनिर्भरताका कारण राष्ट्रिय सुरक्षामा पर्ने खतराबारे अनुसन्धान गर्न निर्देशन दिएका छन्। अमेरिकामा रेअर अर्थ पदार्थको एउटा खानी सञ्चालित अवस्थामा छ तर अमेरिकासँग उत्खनन गरेका पदार्थहरू छुट्ट्याउने र प्रशोधन गर्ने क्षमता छैन। अमेरिकाले कच्चा पदार्थ प्रशोधन गर्न चीन नै पठाउनुपर्छ।

पहिला केही अमेरिकी कम्पनीहरूले रेअर अर्थ धातुका चुम्बकहरू उत्पादन गर्थे। सन् १९८० को दशकसम्म 'रेअर अर्थ' पदार्थ उत्पादन गर्ने शीर्ष स्थानमा अमेरिका थियो।तर चीनमा उत्पादित पदार्थको परिमाण धेरै र लागत मूल्य कम भएपछि ती कम्पनीहरूले काम बन्द गरे।

ट्रम्पले चीनसँग भएको निर्भरता हटाउनका लागि युक्रेनसँग खनिज सम्झौता गर्न चाहेको ठानिन्छ।ट्रम्पले ग्रीनल्यान्डमाथि आँखा गाड्नुको अर्थ पनि त्यहाँ 'रेअर अर्थ' तत्त्वहरूको ठूलो भण्डार हुनु हो। ट्रम्पले डेन्मार्कको स्वामित्वमा भएको उक्त स्वायत्त भूभागमा आफ्नो नियन्त्रण कायम गर्न चाहेको कुरा बारम्बार बताएका छन्।



> विश्वभरि उत्पादन हुने "रेअर अर्थ" पदार्थमध्ये चीनले ६१ प्रतिशत गर्ने र त्यसमध्ये उसले ९२ प्रतिशत पदार्थ प्रशोधन गर्ने आकलन अन्तर्राष्ट्रिय ऊर्जा निकाय "आईईए" ले गरेको छ।

# 'केपी ओली कप' राष्ट्रिय क्रिकेट : गण्डकी र काठमाडौँ उपाधिका लागि भिड्ने



कास्की । पोखरामा सञ्चालन भइरहेको दोस्रो संस्करणको 'केपी ओली कप' टी -२० राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको उपाधिका लागि गण्डकी हिरोज र सिइसी काठमाडौँ भिड्ने भएका छन् ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा जारी प्रतियोगितामा विहिबार वर्षाका कारण पहिलो सेमिफाइनल खेल पाँच ओभरको खेलाइएकामा काठमाडौँले हिमाल फ्रेण्ड्स क्रिकेट एकेडेमीलाई १० रनले पराजित गरी फाइनल प्रवेश गर्न सफल भयो ।

यसैगरी दोस्रो सेमिफाइनल खेलको पहिलो इनिङ चलिरहँदा वर्षा भएपछि खेलको नतिजा टसबाट गरिएकामा गण्डकी भाग्यमानी बन्दै उपाधि नजिक पुग्न सफल भयो । टस हारेर ब्याटिङको निम्तो पाएको काठमाडौँले पाँच ओभरमा ५७ रन बनाएको थियो । खेलमा जितका लागि ५८ रनको विजयी लक्ष्य पाएको हिमाल फ्रेन्ड्सले पाँच ओभरमा तीन विकेट गुमाउँदै ४७ रनमा समेटियो ।

ओपनर सुवोध ऐरी १३ रनमा आउट भए । उनले आठ बलमा दुई चौका प्रहार गरे । आसिष तिरुवा १३ रनमा र अयुव चन्द २ रनमा नटआउट रहे । काठमाडौँका लागि मनोज यादवले दुई विकेट लिदाँ युनिश विक्रम सिंह ठकुरीले एक विकेट लिए ।

काठमाडौँका ओपनर रित गौतमले सर्वाधिक २८ रन बनाए । प्रहार गरे । अर्जुन घर्ती १३ र दीपेन्द्र रावत आठ रनमा नटआउट रहे । टस हारेर ब्याटिङको निम्तो पाएको अत्तरियाले १३ ओभरको तेस्रो बलमा चार विकेट गुमाउँदै एक ४६ रन बनाउँदा वर्षाका कारण खेल रोकिएपछि निर्णय टसबाट गरिएको हो ।

गत चैत २३ गतेदेखि सुरु भएको प्रतियोगितामा कूल १६ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । प्रतियोगिताको फाइनल खेल भोली सञ्चालन हुनेछ । च्याम्पियन टोलीले नगद रु १० लाख र उपविजेताले नगद रु पाँच लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यसैगरी 'म्यान अफ दि सिरिज' ले नगद रु ३० हजार, वेष्ट बलर, बेष्ट ब्याटरले जनही नगद रु १० हजारका साथमा ट्रफी प्राप्त गर्ने आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमीले जनाएको छ ।रासस

# महिला फुटबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा

नेपालगञ्ज । नेपालगञ्जमा हुन लागेको लुम्बिनी कप अन्तरराष्ट्रिय आमन्त्रण महिला फुटबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ ।

नेपालगञ्ज रङ्गशालामा यही वैशाख ५ देखि १२ गतेसम्म सञ्चालन हुने प्रतियोगितालाई भव्य बनाउन रङ्गशाला सरसफाइ, रङ्गरोगन, खेलाडी आवास, यातायातको व्यवस्थालगायत सबै तयारी पूरा भएको प्रतियोगिता आयोजक अन्तरालका प्रमुख कार्यकारी जयनारायण शाहले जानकारी दिनुभयो ।



उहाँले पार्किङ व्यवस्थापन, खेलाडीका लागि आवास व्यवस्थापन र खेलाडी बसोबास भएको स्थानबाट रङ्गशालासम्म यातायताको व्यवस्थापनसमेत गरिएको बताउनुभयो ।

नेपाली सेनाको त्रिभुवन आर्मी क्लबको टोली नेपालगञ्ज आइसकेका प्रतियोगिताको सञ्चारमाध्यम संयोजक निरज गौतमले जानकारी दिनुभयो । नेपालका सात र भारतका एक टोली गरेर आठ टोलीको सहभागिता रहने सो प्रतियोगितामा प्रतिस्पर्धा गर्ने टोलीमध्ये सुदूरपश्चिम एफसी आज बेलुका नेपालगञ्ज पुग्ने उहाँको भनाइ छ ।

गौतमले भारतबाट आउने खेलाडीहरू भोलि नेपालगञ्ज आउने जानकारी दिनुभयो । प्रतियोगितामा घरेलु टोली बाँके-११, सशस्त्र प्रहरी बलको एपिएफ, नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, कर्णाली एफसी, सुदूर पश्चिम एफसी, सिलगुडी फुटबल क्लब र रौतहट जिल्ला फुटबल सङ्घ टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

बाँके जिल्ला फुटबल सङ्घको सहकार्यमा हुन लागेको प्रतियोगिताको विजेता टोलीले रु पाँच लाख पाँच हजार ५५५ र उपविजेता टोलीले रु दुई लाख ५० हजार ट्रफी, मेडलसहित पुरस्कार प्राप्त गर्नेछन् ।

लुम्बिनी कपमा घोषणा गरिएको पुरस्कार राशि अहिलेसम्मकै उत्कृष्ट भएको आयोजकको दाबी छ ।

प्रतियोगिताले नयाँ खेलाडी उत्पादनमा सहयोग गर्ने विश्वास गरिएको छ ।रासस

# पृथ्वीबाट खबौँ माइल टाढा रहेको ग्रहमा जीवन भएको 'आशालाग्दो सङ्केत'

बीबीसी

काठमाण्डु । वैज्ञानिकहरूले पृथ्वीभन्दा धेरै टाढा एउटा तारालाई परिक्रमा गरिरहेको ग्रहमा जीवन रहेको हुन सक्ने नयाँ सङ्केत फेला परेको बताएका छन्।

केटू-१८बी ग्रहको वायुमण्डलको अध्ययन गरिरहेको केम्ब्रिज विश्वविद्यालयको एउटा टोलीले पृथ्वीमा जीवहरूले मात्रै उत्पादन गर्ने अणुहरू उक्त ग्रहको वायुमण्डलमा पनि फेला परेको जनाएको छ।

नासाको जेम्स वेब टेलिस्कोपले अर्को गृहको वायुमण्डलमा जीवनसँग सम्बन्धित अझ भरपर्दो रासायनिक पदार्थ पहिचान गरेको यो दोस्रो पटक हो। तर अध्ययन टोली र स्वतन्त्र खगोलविद्हरूले यी निष्कर्षहरू पुष्टि गर्न थप तथ्याङ्क आवश्यक पर्ने बताएका छन्। प्रमुख अनुसन्धाता प्राध्यापक निक्कु मधुसूदनले थप प्रमाणहरू पनि छिट्टै फेला पार्ने आशा आफूले लिएको बताएका छन्। "त्यहाँ जीवन रहेको हुन सक्ने सम्भावना देखिएको यो अहिलेसम्मको सबैभन्दा बलियो प्रमाण हो। हामी एकदेखि दुई वर्ष भित्रमा यी सङ्केतहरूलाई पुष्टि गर्न सफल हुने छौँ," उनले भने।केटू-१८बी पृथ्वीभन्दा साढे दुईगुना ठूलो छ र पृथ्वीबाट ७०० खर्ब माइल टाढा छ।

निकै शक्तिशाली रहेको जेम्स वेब टेलिस्कोपले कुनै ग्रहको वायुमण्डलको रासायनिक संरचनाको पनि विश्लेषण गर्न सक्छ। ग्रहको माउ ताराको प्रकाशको सहयोग लिएर उक्त टेलिस्कोपले वायुमण्डलको विश्लेषण गर्न सक्छ। केम्ब्रिजको टोलीका अनुसार जीवनसँग सम्बन्धित दुई अणुमध्ये कम्तीमा एउटा अणुको रासायनिक उपस्थिति त्यहाँको वायुमण्डलमा देखिएको छ। त्यहाँ डाइमिथाइल सल्फाइड (डीएमएस) र डाइमिथाइल डाइसल्फाइड (डीएमडीएस) फेला परेका छन्। पृथ्वीमा यी ग्यासहरू समुद्री फाइटोप्लाङ्क्टन र ब्याक्टेरियाले निष्कासन गर्छन्।



प्राध्यापक मधुसूदन अवलोकनको एउटै चरणमा देखिएको ग्यासको मात्राबाट आफू छक्क परेको बताएका छन्।"त्यहाँको वायुमण्डलमा यो ग्यासको मात्रा पृथ्वीमा भन्दा हजारौँ गुना बढी छ," उनी भन्छन्।"यदि त्यसको सम्बन्ध साँच्चै जीवहरूसँग छ भने उक्त ग्रहमा धेरै जीवहरू छन्।"प्राध्यापक मधुसूदनका अनुसार केटू-१८बीमा जीवहरू रहेको पुष्टि भएमा "त्यसले आकाशगङ्गामा जीवको अस्तित्व निकै सामान्य हो" भन्ने प्रमाणित गर्छ।

यद्यपि त्यो कुरा ठोकुवा गरेर भन्न नसकिने मधुसूदनको टोलीले बताएको छ। खोजले आवश्यक मापदण्ड पूरा गरेको छैन। अनुसन्धाताहरू आफ्नो खोजबारे ९९.९९९९ प्रतिशत निश्चित हुनुपर्छ।

तर यो परिणाम ९९.७ प्रतिशत मात्रै छ। धेरै भए पनि त्यति प्रतिशतका आधारमा वैज्ञानिक समुदाय विश्वस्त हुन सक्दैन। तर १८ महिनाअघि यही टोलीले प्राप्त गरेको ६८ प्रतिशत नतिजाभन्दा यो धेरै हो।

तर एडिन्बरा विश्वविद्यालयकी प्राध्यापक क्याथरीन हेमन्स र स्कटल्यान्डको स्वतन्त्र अनुसन्धान समूह एस्ट्रोनोमर रोयलका अनुसार केम्ब्रिजले ९९.९९९९ प्रतिशत नतिजा हात पारे पनि त्यो भरपर्दो नहुन सक्छ।"यो पक्का भइसकेपछि पनि त्यो ग्यासको स्रोत के हो भन्ने प्रश्न बाँकी नै रहन्छ," क्याथरीन भन्छिन्।"पृथ्वीमा समुद्रका सूक्ष्मजीवहरूबाट त्यो उत्पादन हुन्छ। ब्रह्माण्डमा अनौठा गतिविधिहरू भइरहन्छन्, निकै टाढाको संसारमा ती अणुहरू जैविक स्रोतबाट उत्पादित भएका हुन् भन्ने ठोकुवा गर्न सक्दैनौँ।"

केम्ब्रिजको टोली पनि यो धारणासँग सहमत छ। अहिले उनीहरू निर्जीव कुराहरूबाट पनि डीएमएस र डीएमडीएस ग्यास उत्पादन हुन्छ कि भनेर प्रयोगशालामा अध्ययन गरिरहेका छन्। अन्य अनुसन्धान समूहले 'केटू-१८बी'बाट प्राप्त गरिएकाजस्तै तथ्याङ्क निर्जीव वस्तुबाट पनि प्राप्त गर्न सकिने वैकल्पिक व्याख्या अघि सारेका छन्। डीएमएस र डीएमडीएसबारे मात्रै नभई ग्रहको वैज्ञानिक संरचनाबारे पनि बहसहरू हुने गरेका छन्।

धेरै अनुसन्धाताहरूले उक्त ग्रहमा तरल पदार्थको गहिरो समुद्र रहेको अनुमान गर्नुको कारण 'केटू-१८बी'मा एमोनिआ नपाइनु हो। उनीहरूका अनुसार त्यहाँ मुनि रहेको पानीको गहिरो तहले एमोनिआ ग्यास सोसेर राखेको छ।

केम्ब्रिज विश्वविद्यालयका प्राध्यापक ओलिभर शोर्टलका अनुसार चट्टान गलेर बनेको समुद्रका कारण पनि त्यस्तो हुन सक्छ। "अरू ताराहरूको परिक्रमा गर्ने ग्रहबारे हामीले तिनीहरूको वायुमण्डलमा परावर्तन हुने थोरै मात्राको प्रकाशबाट हो ।

# पोर्चुगलमा "मोन्तिजो कप" फुटबल प्रतियोगिता हुँदै

लिस्बन । मोन्तिजो नेपाली समाज, पोर्चुगलले प्रथम 'मोन्तिजो कप' फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ ।



नेपाली नयाँ वर्ष २०८२ को अवसर पारेर समाजले यही अप्रिल २० तारिखका दिन प्रथम मोन्तिजो कप सेभेन ए साइड फुटबल प्रतियोगिता आयोजना गर्ने भएको हो । खेलकुदको माध्यमबाट नेपाली समुदायका बीचमा आपसी सहयोग, सहकार्य र भाइचारा अभिवृद्धि गर्ने तथा नेपाली खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको समाजका अध्यक्ष प्रवल भट्टराईले जानकारी दिनुभयो ।

पहिलोपटक आयोजना गरिएको प्रतियोगितामा पोर्चुगलमा क्रियाशील नेपाली सङ्घसंस्था र क्लबका गरी १६ भन्दा टोलीको सहभागिता रहने उहाँले बताउनुभयो । प्रतियोगिताबाट बचत भएको रकमले पोर्चुगलमा समस्यामा परेका नेपालीलाई सहयोग गर्ने संस्थाको योजना रहेको उहाँले सुनाउनुभयो। प्रतियोगिताको विजेताले तीन हजार ५०० युरो नगद, कप, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछभने उपविजेताले दुई हजार युरोसहित पुरिस्कार प्राप्त गर्नेछ ।

यस्तै, विधागततर्फ उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलकीपर, उत्कृष्ट डिफेन्डर र सर्वाधिक गोलकर्तालाई कप तथा प्रमाणपत्रले पुरस्कृत गरिने समाजले जनाएको छ । प्रतियोगितामा सहभागिताका लागि पोर्चुगलस्थित सङ्घसंस्था, क्लबका साथै खेलप्रेमीहरूलाई समाजले विशेष आग्रहसमेत गरेको छ । मोन्तिजोस्थित नगरपालिकाको खेल मैदानमा खेल हुने समाजले जनाएको छ । सन् २०२३ मा स्थापना भएको संस्थाले स्थापनाकालदेखि नै विभिन्न खालका सामाजिक एवं रचनात्मक गतिविधिहरू गर्दै आएको छ ।रासस

# कोरलामा व्यापारिक चहलपहल बढ्यो



मुस्ताङ । नेपाल-चीन उत्तरी कोरलानाकास्थित दशगजा क्षेत्रको नेपाली भूमिमा करिब एक दर्जन स्थानीय व्यापारीले नेपाली तथा चिनियाँ सामानको पसल सञ्चालन गरिरहेका छन् । सीमावर्ती गाउँपालिका लोमान्थाङ-२ र १ वडाकासाना व्यापारीले समुन्द्री सतहको चार हजार ६१० मिटरको अग्लो उचाइ कोरलापासमा बसेर नेपाली तथा चिनियाँ सामानको बिक्री गर्न पसल सञ्चालन गरेका हुन् ।

विसं २०८० को कात्तिक २७ गतेदेखि नेपाल-चीन कोरलानाका खुलेपछि सीमावर्ती क्षेत्र छोसेरका स्थानीय तथा साना व्यापारीहरू कोरलानाकामा पसल र रेष्टुरेन्ट चलाएर बस्न थालेका लोमान्थाङ-२ छोसेरका युवा पासाङवाङ्दीले बताउनुभयो।कोरलानाका अवलोकनका लागि यहाँ पुग्ने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई स्थानीयस्तरमा उत्पादित सामाग्रीका साथै चिनियाँ सामान बिक्री गरेर आम्दानी गरिरहेको उहाँको भनाइ छ ।

"कतिपयले नाकामा पुगेका पर्यटकलाई खाजानास्ता र चियाकफी समेत बनाएर खुवाउँछन् । नाकामा एक दर्जन व्यापारीले त्रिपाल टाँगेर व्यापार गर्दै आइरहेका छन् । कोरलानाका अग्लो सुक्खा पठार भूमि दशगजा क्षेत्रमा त्रिपालमुनि बसेर व्यापर गरिरहेका छौँ । बिहान उठ्ने बित्तिकै रेष्टुरेन्ट व्यवसायसँगै चिनियाँ पसलमा व्यापार सुरु हुन्छ । साँझ बिक्री गर्न राखिएका सबै सामान त्रिपालमुनि लगेर थन्क्याउँछौँ । यसरी हाम्रो दैनिकी चलेको छ", वाङ्दीले भन्नुभयो ।

उहाँले आफू पनि यहाँ व्यापार गर्न स्टल थापेर बसेको बताउनुभयो । दुई महिनादेखि कोरलापासमा व्यापार गर्न बसेका पासाङले चिनियाँ व्यापार सन्तोषजनक रहेको उल्लेख गर्नुभयो ।

दैनिक बिहान ९ बजे कोरलानाकाको तिब्बती भूमि लिग्चेमा पुगेर चिनियाँ सामान किनेर दिउँसो २ बजे फर्किने गरेका लोमान्थाङ-१ छोसेरकी लाक्पाछेसुङ गुरुङले उल्लेख गर्नुभयो । चीनले बिहान ९ बजे चीनतर्फको नाका छिरेर दिउँसो २ बजेपछि मात्रै फर्किने नियम रहेको उहाँले जानकारी दिनुभयो । दजगजा क्षेत्रबाट चीनको भूमि लिग्चेसम्मको करिब ३०० मिटर दूरी रहेको भन्दै त्यहाँबाट आफैँले बोकेर सामान ल्याउनुपर्ने उहाँले सुनाउनुभयो ।

गुरुङले चीनको नाका प्रवेश गरेर जान सरकारले वितरण गरेको सीमापार पास देखाएर मात्रै जान पाइने उल्लेख गर्नुभयो । "गाउँका धेरैजसो युवा विदेश गइसके, म भने यही नाकामा पसल चलाएर बसेकी छु", उहाँले भन्नुभयो, "दैनिक रु छ-सात हजारको व्यापार हुन्छ, फाइदा रु दुई-तीन हजार हुन्छ ।"

गुरुङले कोरलानाकामा नेपाली पर्यटक आउने क्रम बढ्दै जान थालेको बताउनुभयो । नाका खुलेपछि बर्खायामभरि नाकामा त्रिपालमुनि बसेर दिउँसो चिनियाँ सामग्रीको पसल चलाएको बताउँदै उहाँले भन्नुभयो, "हिउँदयाममा चिसो हुन्छ, पर्यटक पनि आउँदैनन्, यसैले जाडो महिनामा पोखरा झरेर व्यापार गर्ने गरेकी छु । घरायसी प्रयोजनबाहेक यहाँको सामान तल लैजान पाइँदैन, भन्सारले रोकिदिन्छ, यसैले पनि दुईचार पैसा आम्दानी होला कि भनेर यहाँ बसेकी हुँ ।"

कोरलानाकामा बसेर व्यापार गर्न उत्तिकै चुनौतीपूर्ण छ । पठार सुक्खा अग्लो स्थानमा लामो समय बसेर व्यापार गर्दा लेक लाग्ने समस्या हुने गुरुङले बताउनुभयो । नाका अवलोकनका लागि पुगेका कतिपय पर्यटकलाई लेक लागेर बिरामी हुने गरेका बताउँदै सरकारले कोरलानाका खुलाए पनि आवश्यक वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण नहुँदा यहाँ बसेका व्यापारी तथा पर्यटकलाई स्वास्थ्यमा समस्या हुने गरेको उहाँले उल्लेख गर्नुभयो ।

नाकामा खानेपानी र भरपर्दो शौचालय नहुँदा व्यापारी तथा पर्यटकले सास्ती भोग्नु परेको व्यापारीहरू बताउँछन् । नाकामा व्यापार गर्न बसेका व्यापारीलाई चीन सरकारले खानेपानीको सुविधा उपलब्ध गराएको गुरुङले जानकारी दिनुभयो ।

कोरलानाकामा कमजोर संरचनाको अस्थायी शौचालय निर्माण गरिए पनि त्यो भरपर्दो नभएको व्यापारीहरू सुनाउँछन् । नाकामा चीनको सामान ल्याएर बिक्री गर्ने स्थान रहे पनि खुल्ला पठारमा स्टल राख्दा हावा, धुवाँ र धुलोको समस्याले स्वास्थ्य समस्या हुने गरेको उहाँहरूको भनाइ छ । पर्यटकले जथाभावी फोहोर फाल्ने तथा व्यापारी फोहोर व्यवस्थापन गर्न नसक्दा सीमानाका दुर्गन्धित तथा प्रदूषित बन्ने गरेको छ ।

नेपाल–चीन उत्तरी कोरलानाका उपल्लो मुस्ताङका दुई पालिकाका लागि खुलेपछि हालसम्म तीन हजार बढीले चीन प्रस्थान गर्ने सीमापार पास पाइसकेका छन् । उपल्लो मुस्ताङका नागरिकका लागि घरायसी सामान किनमेल गर्न खुलेको यो नाकाबाट व्यापारी प्रयोजनका लागि नेपाली तथा चिनियाँ सामान आयात, निर्यात गर्न पाँच महिनादेखि पूर्ण रूपमा प्रतिबन्ध लगाइएको लोमान्थाङ-२ छोसेरका वडाध्यक्ष कर्मानाम्याल गुरुङले जानकारी दिनुभयो ।

नाकाबाट भन्सारले सामान ल्याएर बिक्रीवितरण गर्न नदिएपछि कतिपयको रोजीरोटी खोसिएको उहाँले बताउनुभयो । वडाध्यक्ष गुरुङले नाका खुल्ला भयो भनेर मात्रै नहुने भन्दै त्यसका लागि सरकारले भन्सार सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गरेर आयात, निर्यातलाई सहज बनाइदिनुपर्नेमा जोड दिनुभयो ।

नेपाल-चीन कोरलानाकास्थित न्हेचुङ भन्सारले स्थानीय व्यापारीलाई व्यापारिक प्रयोजनका लागि सामान ल्याउन नदिएपछि आफूहरू अप्ठ्यारोमा परेको लोमान्थाङ-३ ठिङ्गरका साना व्यापारी कर्माम्टुक गुरुङले दुःखेसो पोख्नुभयो । कोभिड सङ्क्रमणकालमा लगातार चार वर्षसम्म बन्द रहेको कोरलानाका खुले पनि उपल्लो मुस्ताङका नागरिकलाई खासै सुविधा प्राप्त नभएको यस क्षेत्रका नागरिकको गुनासो छ ।

नाका खुलेको डेढ वर्ष पुग्दा गत पुसदेखि न्हेचुङ भन्सार कार्यालयले राजस्व सङ्कलन गर्न छाडेको छ । केही महिनाअघि उपल्लो मुस्ताङका एक व्यक्तिले अवैध रूपमा ठूलो परिमाणमा विद्युतीय चुरोट 'भेप' आयात गरेपछि मुस्ताङ प्रहरीले नियन्त्रणमा लिएर कारबाही गरेको थियो । त्यसपछि भन्सार कार्यालयले चीनबाट सामान ल्याएर बिक्रीवितरण गर्ने कार्यलाई प्रतिबन्ध गरेको वडाध्यक्ष गुरुङले जानकारी दिनुभयो ।

लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले कोरलानाकाबाट सामान ल्याएर बिक्री गर्ने कार्यमा परेको कानुनी जटिलता र अप्ठ्याराहरूको समाधान खोज्न सरकारसँग पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । "कोरलानाकाबाट नेपालीले किराना सामग्री, कस्मेटिक, पेयपदार्थ, कृषि उपकरण, फर्निचरलगायत सामान आयात गर्दथे । यता नेपालबाट स्थानीय कृषि उत्पादन चीनतर्फ निर्यात हुन्थ्यो । अहिले त्यसखालको आयात, निर्यात पूर्ण रूपमा ठप्प भएको छ", उहाँले भन्नुभयो ।रासस

# यस्तो छ सागसब्जी र फलफूलको मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले आजका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभँडा ठूलो (नेपाली) प्रतिकिलो रु ४०, गोलभँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभँडा सानो (लोकल) प्रतिकिलो रु २५, गोलभँडा सानो (तराई) प्रतिकिलो रु २५, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (भारतीय) प्रतिकिलो रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ४०, गाजर (लोकल) प्रतिकिलो रु ४०, गाजर (तराई) प्रतिकिलो रु ३०, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (तराई) प्रतिकिलो रु १२, बन्दा (नरिवल) प्रतिकिलो रु २५, काउली (स्थानीय) प्रतिकिलो रु २५, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु २५, मूला रातो प्रतिकिलो रु ४५, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २५, भन्टा लाम्चो प्रतिकिलो रु ४० तथा भन्टा डल्लो प्रतिकिलो रु ४०, तने बोडीको मूल्य प्रतिकिलो रु ८० कायम गरिएको छ ।



यसैगरी, मटरकोसा प्रतिकिलो रु ९०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ९०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ९०, घिउ सिमी (राजमा) प्रतिकिलो रु ८०, टाटे सिमी प्रतिकिलो रु ९०, तितो करेला प्रतिकिलो रु ५०, लौका प्रतिकिलो रु ४०, परबर (लोकल) प्रतिकिलो रु ९०, परबर (तराई) प्रतिकिलो रु ९०, चिचिण्डो प्रतिकिलो रु ७०, घिरौला प्रतिकिलो रु ६०, झिगुनी प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ४०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ४०, सलगम प्रतिकेजी रु ७०, भिण्डी प्रतिकिलो रु ९० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ६०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ६०, रायो साग प्रतिकिलो रु ७०, पालुङ्गो साग प्रतिकिलो ८०, चमसुरको साग रु १००, तोरी प्रतिकिलो रु ४०, मेथीको साग प्रतिकिलो रु ९०, प्याज हरियो प्रतिकिलो रु ४०, बकुला प्रतिकिलो रु ५०, तरुल प्रतिकिलो रु १००, च्याउ (कन्य) प्रतिकिलो रु १७०, च्याउ (डल्ले) प्रतिकिलो रु ३५० तथा कुरिलो प्रतिकिलो रु ६०० निर्धारण गरिएको छ ।

निगुरो प्रतिकिलो रु ८०, ब्रकाउली प्रतिकिलो रु ४०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १८०, कोइरालो प्रतिकिलो रु २२०, रातो बन्दा प्रतिकिलो रु ६५, जिरीको साग प्रतिकिलो रु ६५, ग्याठकोभी प्रतिकिलो रु ६५, सेलरी प्रतिकिलो रु २००, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ९०, पुदिना प्रतिकिलो रु ३५०, गान्टे मूला प्रतिकिलो रु ६०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु २८०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, भारतीय सुन्तला रु १५०, तरबुजा हरियो प्रतिकिलो रु ७०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु १००, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ३०, रुख कटहर प्रतिकिलो रु १००, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु ९०, उखु प्रतिगोटा रु १००, स्ट्रबेरी (भुइँऐसेलु) प्रतिकिलो रु २५०, किबी प्रतिकिलो रु ४५०, आभोकाडो प्रतिकिलो रु ६५० तथा अमला प्रतिकिलो रु १२० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकिलो रु १३०, खुर्सानी सुकेको प्रतिकिलो रु ४२०, खुर्सानी हरियो प्रतिकिलो रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ६०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ८०, खुर्सानी हरियो (अकबरे) प्रतिकिलो रु ३००, भेडे खुर्सानी प्रतिकिलो रु १३०, लसुन हरियो प्रतिकिलो रु ८०, हरियो धनिया प्रतिकिलो रु १८०, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३२०, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १४० र राजा च्याउ प्रतिकिलो रु ३००, सिताके च्याउ प्रतिकिलो रु ८०० तोकेको छ ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले बिहीबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । आज अमेरिकी डलर एकको खरिददर १३७ रूपैयाँ ७९ पैसा र बिक्रीदर १३७ रूपैयाँ ३९ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिदर १५५ रूपैयाँ ५१ पैसा र बिक्रीदर १५६ रूपैयाँ १९ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १८१ रूपैयाँ ५६ पैसा र बिक्रीदर १८२ रूपैयाँ ३६ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १६७ रूपैयाँ ४६ पैसा र बिक्रीदर १६८ रूपैयाँ १९ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८७ रूपैयाँ २० पैसा र बिक्रीदर ८७ रूपैयाँ ५८ पैसा, क्यानेडियन डलर एकको खरिददर ९८ रूपैयाँ ३० पैसा र बिक्रीदर ९८ रूपैयाँ ७४ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रूपैयाँ १३ पैसा र बिक्रीदर १०४ रूपैयाँ ५९ पैसा निर्धारण गरिएको छ ।

यस्तै, जापानी येन १० को खरिददर नौ रूपैयाँ ५९ पैसा र बिक्रीदर नौ रूपैयाँ ६३ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ७२ पैसा र बिक्रीदर १८ रूपैयाँ ८१ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ४५ पैसा र बिक्रीदर ३६ रूपैयाँ ६१ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ५३ पैसा र बिक्रीदर ३७ रूपैयाँ ६९ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ १२ पैसा र बिक्रीदर चार रूपैयाँ १३ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ २४ पैसा र बिक्रीदर ३७ रूपैयाँ ४० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ ०१ पैसा र बिक्रीदर ३१ रूपैयाँ १५ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रूपैयाँ ६४ पैसा र बिक्रीदर नौ रूपैयाँ ६९ पैसा, स्विडिस क्रोनर एकको खरिददर १३ रूपैयाँ ९३ पैसा र बिक्रीदर १४ रूपैयाँ र डेनिस क्रोनर एकको खरिददर २० रूपैयाँ ८३ पैसा र बिक्रीदर २० रूपैयाँ ९२ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ६३ पैसा र बिक्रीदर १७ रूपैयाँ ७१ पैसा, कुवेती दिनार एकको खरिददर ४४६ रूपैयाँ २४ पैसा र बिक्रीदर ४४८ रूपैयाँ २० पैसा, बहराइन दिनार एकको खरिददर ३६२ रूपैयाँ ८७ पैसा र बिक्रीदर ३६४ रूपैयाँ ४६ पैसा, ओमनी रियाल एकको खरिददर ३५५ रूपैयाँ ३० पैसा र बिक्रीदर ३५६ रूपैयाँ ८६ पैसा रहेको छ ।रासस


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

अमेज सप्लाई सोलुशन्स (प्रा.लि. नं. २३१८०६), बिरगंज महानगरपालिका-१२, पर्साले मिति २०८१/०७/२३ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेको निवेदन उपर कारवाही हुँदा उक्त कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नुपर्ने आ.व. २०८०/०८१ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आ.व. सम्म कम्पनी अद्यावधिक रहेको, त्यस कम्पनीको मिति २०८१/०७/१७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी जिप्पी फैशन मार्ट प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम अमेज सप्लाई सोलुशन्स प्रा.लि.को कम्पनीले सकार्ने व्यहोर्ने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, जनकपुर उ.प.म.न.पा. वडा नं. १ घर भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ बस्ने श्री काली राम जैन को नाती, श्री फुसराज जैंन को छोरा वर्ष ४० को श्रीपालचण्द जैंनको मिति २०७७/०६/१८ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४१३४२८ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको श्रीमती पुष्पा देवी बैद जैंन ले यस बैंक समक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लि.
जनकपुर शाखा, जनकपुर–२, धनुषा
फोन ०४१–५९०२६०/५९०२६१



## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय बिरेन्द्रबजार, धनुषाका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः २०८२/०१/०५ गते शुक्रबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय बिरेन्द्रबजार, धनुषामा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८२/०२/१६ गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय बिरेन्द्रबजारमा** दिनको ठीक १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उकपर गरी लिईने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **१. ऋणी** : प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा अपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती, प्रदेश सिन्धुलीमा प्रादेशिक व्यापार तथा व्यावसाय सम्बन्धी ऐन, २०७६ बमोजिम मिति २०६७/०५/०६ मा प्रा.फ.र.नं. ४२६/०६७/०६८ मा दर्ता भई नेपाल सरकार, अर्थमन्त्रालय, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०६७/०५/०६ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००१६७०९७ को प्रमाणपत्र प्राप्त **राजेश स्टोर्स ।**<br>फर्मको ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ५ । | **प्रोप्राइटर तथा जमानतकर्ता : जवाहर प्रसाद जैसवाल**<br>(ना.प्र.नं. ८०२६१५२७ जारी मिति २०४३/०५/१६ जारी गर्ने कार्यालय, जि.प्र.का. धनुषा) ।<br>स्थाई ठेगाना : धनुषा जिल्ला गणेशमान चारनाथ न.पा. वडा नं. ६ (साविक सबैला गा.वि.स. वडा नं. ४) ।<br>हालको ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ५ ।<br>बाबु : धनुषी राम कलवार ।<br>बाजे : देवकी राम कलवार । |
| **जमानतकर्ताः सरिता देवी जैसवाल**<br>(ना.प्र.नं. ८०२६३६५२ जारी मिति २०४५/०१/१२ जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>स्थाई ठेगाना : धनुषा जिल्ला गणेशमान चारनाथ न.पा. वडा नं. ६ (साविक सबैला गा.वि.स. वडा नं. ५) ।<br>हालको ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ५ ।<br>बाबु : शिव शंकर जयसवाल ।<br>पति : जवाहर प्रसाद जैसवाल । ससुरा : धनुषी राम कलवार । | **जमानतकर्ताः महेश जयसवाल**<br>(ना.प्र.नं. १७१०४६/१४९ जारी मिति २०६७/०८/२० जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>ठेगाना : धनुषा जिल्ला गणेशमान चारनाथ न.पा. वडा नं. ६ (साविक लवटोली गा.वि.स .वडा नं. १) ।<br>बाबु : जवाहर प्रसाद जैसवाल ।<br>बाजे : धनुषी राम कलवार । |
| **२. ऋणीः जवाहर प्रसाद जैसवाल**<br>(ना.प्र.नं. ८०२६१५२७ जारी मिति २०४३/०५/१६ जारी गर्ने कार्यालय, जि.प्र.का. धनुषा) ।<br>स्थाई ठेगाना : धनुषा जिल्ला गणेशमान चारनाथ न.पा. वडा नं. ६ (साविक सबैला गा.वि.स. वडा नं. ४) ।<br>हालको ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ५ ।<br>बाबु : धनुषी राम कलवार ।<br>बाजे : देवकी राम कलवार । | **जमानतकर्ताः सरिता देवी जैसवाल**<br>(ना.प्र.नं. ८०२६३६५२ जारी मिति २०४५/०१/१२ जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>स्थाई ठेगाना : धनुषा जिल्ला गणेशमान चारनाथ न.पा. वडा नं. ६ (साविक सबैला गा.वि.स. वडा नं. ५) ।<br>हालको ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ५ ।<br>बाबु : शिव शंकर जयसवाल ।<br>पति : जवाहर प्रसाद जैसवाल । ससुरा : धनुषी राम कलवार । |
| **जमानतकर्ताः महेश जयसवाल**<br>(ना.प्र.नं. १७१०४६/१४९ जारी मिति २०६७/०८/२० जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>ठेगाना : धनुषा जिल्ला गणेशमान चारनाथ न.पा. वडा नं. ६ (साविक लवटोली गा.वि.स .वडा नं. १) ।<br>बाबु : जवाहर प्रसाद जैसवाल ।<br>बाजे : धनुषी राम कलवार । | **धितो सुरक्षणको विवरण :**<br>१. जमानतकर्ता जवाहर प्रसाद जैसवालको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला लवटोली गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ख स्थित कित्ता नं ३३७ र २७७ क्षेत्रफल ०-०-६-१०.५ र ०-०-६-११ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........................१<br>२. ऋणी राजेश स्टोर्सको स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण....१ |

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बिरेन्द्रबजार, धनुषा**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतसम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बिरेन्द्रबजार, धनुषामा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

# पाँचजनाविरुद्ध मुद्दा दर्ता

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जमा शनिबार आयोजित हनुमान जन्मोत्सवको शोभायात्राका क्रममा हिंसात्मक गतिविधिमा संलग्न पाँचजनाविरुद्ध राज्यविरुद्धको कसूर र आपराधिक उपद्रव मुद्दा दर्ता भएको जनाइएको छ। शोभायात्राको क्रममा हिंसात्मक गतिविधिमा संलग्न पाँचजनाविरुद्ध राज्यविरुद्धको कसुर र आपराधिक उपद्रवको मुद्दा दर्ता गरी अनुसन्धान प्रक्रिया अगाडि बढाएको पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रले जनाए।

प्रहरी उपरीक्षक मिश्रका अनुसार शेख खुर्सेद, सलाउद्दिन मियाँ ठकुराई,शकिल मियाँ,रवि सर्राफ र बलजित सिंहविरुद्ध राज्यविरुद्धको कसूर र आपराधिक उपद्रवको मुद्दा दर्ता भएको हो। मंगलबार चारजना र बुधबार एकजनालाई पक्राउ गरिएको छ।

शोभायात्रा वीरगञ्ज महानगरपालिका-२ स्थित छपकैयामा पुगेपछि दुई फरक धार्मिक समुदायकाबीच झडप हुनुका साथै त्यहाँको पसल, सवारी, साधनलगायतमा तोडफोड र आगजनी भएको थियो। सो घटनाको अनुसन्धानमा जुटेको पर्सा प्रहरीले बुधबारसम्म पाँचजनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको पर्सा प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक किशोर लम्सालले बताए।

उनका अनुसार तीनजनाविरुद्ध 'राज्यविरुद्धको कसुर' र बाँकी दुईजनाविरुद्ध 'आपराधिक उपद्रव'सम्बन्धी मुद्दा दर्ता गरिएको छ। पाँचैजनामाथि बुधबार पर्सा जिल्ला अदालतबाट ६ दिनको म्याद थप गरी प्रहरी हिरासतमा राखेर अनुसन्धान भइरहेको लम्सालले बताए।

पर्सा प्रहरीले शनिबार भएको घटनास्थलको सीसीटीभी फुटेज, ड्रोन भिडियो तथा सामाजिक सञ्जालमा पोस्ट गरिएका भिडियो सामग्री र प्रमाणका आधारमा अहिलेसम्म पाँचजनालाई नियन्त्रणमा लिएको पर्साका प्रहरी उपरीक्षक मिश्रले बताए। उनले भने, 'यस घटनासँग जोडिएका प्राप्त प्रमाणका आधारमै उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएको छ। पर्सा प्रहरीले सूक्ष्म ढंगले अनुसन्धान गरिरहेको जनाइएको छ।

# सर्वोच्चको मानमर्दन गर्दै अर्बौं रकममा मनपरी

सांसद विकास कोषका नामबाट संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा सर्वोच्च अदालतले २०८० भदौँमा रोक लगाए पनि मधेश प्रदेश सरकारले त्यसको गर्दै मानमर्दन हुने गरी प्रदेशसभा सदस्यलाई विकासको नाममा अर्बौं रुपैयाँ वितरण गरेको छ ।

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्वोच्च अदालतको निर्णयलाई मानमर्दन गर्दै मधेश प्रदेश सरकारले प्रदेशसभा सदस्यकालाई विकास निर्माणको नाममा अर्बौं बजेट विनियोजन गरेको पाइएको छ।

प्रत्यक्ष निर्वाचित प्रदेशसभा सदस्यलाई पाँच करोड रुपैयाँ र समानुपातिक प्रदेशसभा सदस्यलाई एक करोड ५० लाख रुपैयाँ बराबरको विकास निर्माणका योजना प्रदेश सरकारले दिएको छ।




सांसद विकास कोषका नामबाट संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा सर्वोच्च अदालतले २०८० भदौँमा रोक लगाए पनि मधेश प्रदेश सरकारले त्यसको गर्दै मानमर्दन हुने गरी प्रदेशसभा सदस्यलाई विकासको नाममा अर्बौं रुपैयाँ वितरण गरेको छ।

मधेश प्रदेशमा प्रत्यक्ष निर्वाचित प्रदेशसभा सदस्य ६४ जना छन् भने समानुपातिक प्रदेशसभा सदस्य ४३ जना छन् । कुल १०७ प्रदेशसभा सदस्यका लागि प्रदेश सरकारले तीन अर्ब ८४ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। जसमध्ये अधिकांश योजनाको पत्र प्रदेशसभा सदस्यहरूले बुझिसकेका छन्।

गत चैत २७ गते नेकपा एमालेका संसदीय दलका नेतासमेत रहेका भौतिक पूर्वाधारमन्त्री सरोज यादवले प्रदेश सभामा यस सम्बन्धी बताएका थिए । रातो किताबमा उल्लेख हुने गरी प्रत्यक्ष निर्वाचित प्रदेशसभा सदस्यलाई पाँच करोड बराबरको योजना दिने र समानुपातिकबाट प्रदेशसभा सदस्यलाई डेढ करोड रुपैयाँ बराबरको योजना दिने प्रदेश सरकारले निर्णय गरेको थियो।

प्रदेशसभा सदस्यले सोही योजना पाएपछि मधेश प्रदेश विवादित बनेको छ। १०७ प्रदेशसभा सदस्यले नै योजना पाएका छन् । आ-आफ्नो निर्वाचन क्षेत्रमा विकास निर्माणका काम गर्नका लागि हरेक प्रदेशसभा सदस्यले पाएका यस्ता योजना उपभोक्ता समितिमार्फत कार्यान्वयनमा लैजाने भएकाले त्यसमा आर्थिक चलखेल भएको भन्दै प्रदेश सभाको बैठकमा बहस विषय नै बनेको छ।

प्रदेशसभा सदस्यहरुले योजनाको पत्र बुझे पनि हालसम्म कतिपय प्रदेशसभा सदस्यले वडामा दर्ता समेत नगराएको र आफ्ना बिचौलियामार्फत सो योजना बिक्री वितरण गरेको आरोप प्रदेश सभा बैठकमै लगाइएको छ । कुन पार्टीबाट कति प्रदेशसभा सदस्यले योजनाको पत्र बुझेको विवरण भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले प्रदेश सभामा पेश गरेका थिए।

मुख्यमन्त्री सतीशकुमार सिंहले संसदीय विकास कोषबाट प्रदेशसभा सदस्यले पाउने रकम बराबरको योजना सांसदहरूलाई उपलब्ध गराउने प्रतिवद्धता जनाए अनुसार नै उनले उपलब्ध गराएको छ।

जनमत पार्टी नेतृत्वमा सरकार बनेपछि कांग्रेस पनि सामेल भएको र मुख्यमन्त्रीसँग रकमको बारेमा ताकेता गरेपछि मात्र चालु आर्थिक वर्षदेखि प्रदेशसभा सदस्यको नाममा रकम छुट्याएको छ।

प्रत्येक प्रदेशसभा सदस्यलाई अर्थ मन्त्रालयबाटै योजनासहितका बजेट विनियोजन गरिएको छ। त्यहाँबाट अपुग रकमको योजना अन्य मन्त्रालयबाट उपलब्धसमेत गराइएको छ । जसमध्ये सबैभन्दा बढी योजना भौतिक मन्त्रालयबाट वितरण गरिएको छ।

सर्वोच्च अदालतको आदेशमा भनिएको छ, 'संविधानको शब्द, भाव र मर्म समेतलाई दृष्टिगत गर्दा विनियोजन ऐन, २०८० का रूपमा पारित आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नम्बर ४४५ सँग सम्बन्धित व्यवस्था र सात वटै प्रदेशका व्यवस्थापिकाहरूको आर्थिक वर्ष २०८०/८१ को विनियोजन ऐनमा व्यवस्था गरिएका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्बन्धी व्यवस्थाहरू तथा ती व्यवस्थाहरूका लागि छुट्ट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नू/नगराउनू ।' भनेर आदेश दिएको छ।

संसदीय कोषको बजेट नभए पनि मुख्यमन्त्री सिंहले घुमाउरो तरिकाले बजेट वितरण गरेका छन्।

# 'संघीयतामाथि भइरहेको षड्यन्त्रविरुद्ध एक होउ'

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले संघीयतामाथि भइरहेको षड्यन्त्रविरुद्ध एकजुट हुनुपर्ने बताएका छन्।

धनुषको लालगढमा बिहीबार मधेश प्रदेशसभा सचिवालयको आयोजनामा सातै प्रदेशका उपसभामुखहरूको तीन दिने सम्मेलन तथा अनुभव आदानप्रदान कार्यक्रममा मुख्यमन्त्री सिंहले संघीयता स्थापना भएको करिब ८ वर्षको अवधिमा धेरै कामहरू भएको उल्लेख गरे । उनले अहिले गाउँ गाउँमा विकास निर्माणको क्षेत्रमा गति आउनुका साथै शिक्षा, स्वास्थ्य तथा अन्य क्षेत्रहरूमा पनि ठूलो परिवर्तन भएको बताए।

मुख्यमन्त्री सिंहले सातै प्रदेशका उप-सभामुखहरूको सम्मेलनबाट संविधानको कार्यान्वयन तथा संघीयतालाई बलियो बनाउनका लागि ठोस् निर्णय लिने आशा व्यक्त गरे।

संघीयताको लागि मधेश प्रदेशले अगुवाइ गरेर धेरैले शहादत दिएको स्मरण गर्दै सुशासन, विकास तथा समृद्धिका लागि पनि मधेश प्रदेशले अगुवाइ गर्न जरुरी रहेको बताए।



उनले संघीयता बढी खर्चिलो भएको र जनताको कुनै काम नभएको भ्रामक प्रचार गर्नेलाई काम गरेर देखाउने बेला आएको भन्दै सुशासन तथा विकासका लागि व्यवस्थापिकाले सधैँ खबरदारी गर्न जरुरी रहेको बताए।

सभामुख रामचन्द्र मण्डलले संघीयताको कारणले अहिले गाउँ गाउँमा विकासको लहर आएको भन्दै यस अवधिमा भएका विकास निर्माणसहितको विषयमा प्रभावकारी प्रचारप्रसार गर्न जरुरी रहेको बताए।

राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले संघीयताको आधार भूमिको रुपमा रहेको मधेश प्रदेशले पहिलो पटक उपसभामुखहरूको सम्मेलन गरेर निक्कै सराहनीय कार्य गरेको बताए।

संविधान तथा प्रशासन विद् काशीराज दहालले सबै प्रणालीको मूल लक्ष्य नै सुशासन, समृद्धि र विकास रहेकाले त्यसमा नै सबै पक्ष एक ढिक्का भएर अगाडि बढ्नुपर्ने बताए।

मधेश प्रदेशका उपसभामुख बबिता राउत इशरको अध्यक्षतामा भएको सो तीन दिने सम्मेलनमा कोशी प्रदेशका उपसभामुख सृजना दनुवार, बागमती प्रदेशका अप्सरा चापागाईं, गण्डकी प्रदेशका विना कुमारी थापा, लुम्बिनी प्रदेशका मेनुका खाँड केसी, कर्णाली प्रदेशका यशोदा न्यौपाने र सुदूरपश्चिम प्रदेशका उपसभामुख कोईली देवी चौधरीलगायतको सहभागिता रहेको जनाइएको छ।

यस्तै मुख्यमन्त्री सिंहले राष्ट्रिय सभाका उपाध्यक्ष विमला घिमिरेसहित सातै प्रदेशका उपसभामुखहरूलाई आफ्नो कार्यकक्षमा स्वागत तथा सम्मान गरेका छन्।

बिहीबार साँझ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा मुख्यमन्त्री सिंहले उपस्थित अतिथिहरूलाई खादा लगाई सम्मान गरेका थिए।

यस अवसरमा जनकपुरधाममा आयोजित विशेष सम्मेलनमा सहभागी उपसभामुखहरूले संसदीय अभ्यासमा आफ्नो भूमिका तथा नीतिगत सुधारका विविध पक्षमा अनुभव आदानप्रदान गरेका थिए । सम्मेलनको उद्देश्य उपसभामुखहरूको भूमिकालाई अझ प्रभावकारी, फराकिलो र समन्वयात्मक बनाउनु रहेको थियो।

# निजी अस्पताल बन्द गर्न मुख्यमन्त्रीको निर्देशन

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बरहथवा नगरपालिकामा सञ्चालनमा रहेका ११ वटा निजी अस्पताल तथा स्वास्थ्य संस्थाहरूलाई मुख्यमन्त्री सतीशकुमार सिंहले बन्द गर्न निर्देशन दिएका छन्।

सेवा सञ्चालन अनुमति नलिएका, मापदण्ड अनुसारको संरचना तथा जनशक्ति व्यवस्थापन नभएका स्वास्थ्य संस्थालाई कानुनी कारबाहीको दायरामा ल्याउनका लागि निर्देशन दिएको मुख्यमन्त्री सिंहले दिए।

उनले बरहथवास्थित सो अस्पतालहरूको स्थलगत निरीक्षण गर्दै प्रदेश सरकारका मापदण्ड र कानुनी व्यवस्था विपरीत सेवा सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाको अवस्था अत्यन्तै दयनीय रहेको बताएका छन् । उनले प्रदेशवासीको स्वास्थ्य सुरक्षालाई गम्भीर रूपमा लिएको बताउँदै, 'स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा मापदण्डविपरीतको लापरबाही सह्य हुँदैन,' भने।



बन्द गरिएका स्वास्थ्य संस्थाहरूमा संकट मोचन हेल्थ केयर प्रालि, सञ्जीवनी हस्पिटल प्रालि, हैपीकेयर मेडिकल प्रालि, सर्लाही गोल्डेन हस्पिटल प्रालि, युनिट हस्पिटल प्रालि, भेनस हेल्थ केयर प्रालि, बरहथवा नवजीवन हस्पिटल प्रालि, हनुमन्त हस्पिटल प्रालि, भुवनेश्वर डेन्टल क्लिनिक, जय माँ हेल्थ केयर र बरहथवा पोलिक्लिनिक रहेका छन्।

मुख्यमन्त्री सिंहको निर्देशनपछि प्रदेश सरकारको तर्फबाट स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ती संस्थाहरूलाई कानूनी प्रक्रिया पुरा गरी मात्र पुनः सेवा सञ्चालन गर्न पाउने निर्देशन दिएको छ। मन्त्रालयका जनस्वास्थ्य अधिकृत सन्तोष ठाकुरले भने, 'हामीले ती संस्थालाई मापदण्डअनुसार सेवा सञ्चालन अनुमति लिई नवीकरण गराई मात्र स्वास्थ्य सेवा प्रदान गर्न सकिने स्पष्ट लेखिएको निर्देशन पत्र दिएका छौं।'

अनुगमनका क्रममा थुप्रै स्वास्थ्य संस्था सेवा सञ्चालनका लागि आवश्यक कागजात नवीकरण नगरेको, दक्ष जनशक्ति व्यवस्थापन नगरेको, आधुनिक उपकरणको अभाव रहेको तथा औषधि व्यवस्थापनसमेत कमजोर रहेको पाइएको थियो।

पछिल्लो निर्णयले सर्लाहीमा स्वास्थ्य सेवा क्षेत्रमा फैलिएको अव्यवस्थामाथि कडाइ गरिएको छ।

# महिला सशक्तिकरणमाथि वक्ताको जोड

**टुडे समाचारदाता**

जनकपुरधाम।परोक्सीब्युटीएण्ड ट्रेनिङ हब यूनिसेक्स सैलुन जनकपुर शाखाले प्रथम वार्षिकोत्सवको अवसरमा तीनजना गुरुलाई सम्मान गरेको छ।

परोक्सी ब्युटी एण्ड ट्रेनिङ हब यूनिसेक्स सैलुन जनकपुर शाखा सञ्चालनको एक वर्ष पूरा भएको अवसरमा महिला सशक्तिकरण, उद्यमशीलता र व्यवसायिक प्रशिक्षणको भूमिकालाई केन्द्रीय विषय बनाइएको थियो।

सो कार्यक्रममा साहित्यकार डा. राजेन्द्र विमलले वर्तमान शासन प्रणालीमा व्याप्त भ्रष्टाचार र अवसरवादी सोचको आलोचना गर्दै महिलालाई निर्णायक भूमिकामा ल्याउनुपर्नेमा जोड दिए । उनले भने, "हामीले देखिरहेको शासन प्रणाली भ्रष्टाचार, अन्याय र अवसरवादले निर्देशित छ। यसको अन्त्य महिला नेतृत्वबाटै सम्भव छ । यस्ता तालिम केन्द्र र उद्यमशील संस्थाहरूले महिलालाई अग्रसर गराउन ठूलो भूमिका खेल्छन्।"

विशिष्ट अतिथि प्रा.डा. आशा सिन्हाले महिलालाई आत्मनिर्भर बनाउने अभियानमा यस्ता संस्थाहरूको योगदान अतुलनीय रहेको बताइन्। "पार्लर, ब्युटी ट्रेनिङ र व्यावसायिक सीपले महिलालाई घरभित्र सीमित रहने बाध्यता तोडेर नयाँ सम्भावनाको ढोका खोलिदिएको छ," उनले भनिन्।



संस्थाकी संस्थापक संघर्ष थापाले परोक्सी हबलाई 'परिवार'को रूपमा अघि बढाउने लक्ष्य रहेको उल्लेख गरिन्। उनले भनिन्, "हाम्रो संस्था बेरोजगार महिलाहरूका लागि रोजगार र आत्मनिर्भरता हासिल गर्ने केन्द्रको रूपमा विस्तार भइरहेको छ। हाल काठमाडौंमा मुख्यालय रहेको परोक्सी हबले निकट भविष्यमा देशभर ११ वटा शाखा सञ्चालन गर्ने लक्ष्य लिएको छ।"

थापाले बताए अनुसार, जनकपुर शाखाले एक वर्षको अवधिमा दर्जनौं महिलाहरूलाई ब्युटी, हेयर र मेकअपसम्बन्धी प्रशिक्षण प्रदान गरिसकेको छ । कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरूले आफ्नो अनुभव साझा गर्दै परोक्सी हबलाई अनुशासित, मैत्रीपूर्ण र सिक्न अनुकूल वातावरण भएको बताए । "हामीले यहाँ आत्मविश्वास मात्र होइन, व्यावसायिक क्षमता पनि प्राप्त गरेका छौं," उनले बताए।

सो कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो । वक्ताहरूले परोक्सी हबको पहलले जनकपुरका महिलाहरूलाई सीपयुक्त र आत्मनिर्भर बनाउन सकारात्मक प्रभाव पारेको धारणा राखे। उनीहरूले यस्ता व्यावसायिक संस्था र सामाजिक सोचबीचको समन्वयले भविष्यमा अझ सशक्त र समान अवसरयुक्त समाज निर्माणमा टेवा पुऱ्याउने अपेक्षा व्यक्त गरे । सो कार्यक्रममा तीनै जना गुरुलाई विशेष सम्मान गरिएको थियो।

# गाँजासहित एक जना पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । चुरे क्षेत्रबाट ठूलो परिमाणमा लागूऔषध गाँजासहित एक जना पक्राउ परेका छन् । जिल्लाको लालबन्दी नगरपालिका-१ स्थित नवलपुरका २५ वर्षका सुशील चौधरी २ सय ४४ किलो गाँजासहित प्रहरीको नियन्त्रणमा परेका छन्।

सिन्धुली जिल्लाको मरिनबाट सर्लाहीको लालबन्दी आउँदै गरेको बा२०च १७८२ नम्बरको पिकअप गाडी लालबन्दी नगरपालिका-१३ पत्थरकोटमा चेकिङमा परेको थियो।




भुसको बोरा मुनी लुकाइ ल्याउँदै गरेको ४५ पोका गाँजासहित चौधरीलाई नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक सुजन पाठकले जानकारी दिए। उनले जनाए अनुसार गाँजा ओसारपसार भइरहेको सूचनाका आधारमा चौधरीलाई नियन्त्रणमा लिइएको छ। गाँजासहित नियन्त्रणमा परेका चौधरीमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

सिन्धुली र सर्लाहीको चुरे क्षेत्रमा व्यावसायिक रूपमा गाँजा खेती भइरहेको छ । त्यहाँ उत्पादित गाँजाको प्रमुख बजार भारतीय सीमावर्ती जिल्लाको रुपमा रहेको छ।

# जिराभवानीबाट दुइ जना पक्राउ

**टुडे समाचारदाता**

वीरगन्ज । लागू औषध नाइट्राजेपामसहित पर्साबाट दुइ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पर्साको जिराभवानी गाउँपालिका वडा नम्बर ३ स्थित नोकाटोलाबाट लागू औषधसहित दुइ जनालाई प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय पटेर्वासुगौली र इलाका प्रहरी कार्यालय सेढवाबाट खटीएको संयुक्त टोलीले हुलाकी राजमार्गमा सवारी साधन तथा पैदल यात्रीहरु रोकेर जाँच गरेको थियो । सोही क्रममा स्वर्णपुरबाट वीरगन्जतर्फ आउँदै गरेको ना १२ प ३१०६ नम्बरको डिस्कभर मोटरसाइकलमा सवार उनीहरुको साथबाट लागू औषध फेला पारेको जनाइएको छ।

प्रहरीले ८८६ नाइट्राजेपाम ट्याबलेट फेला पारेको प्रहरी निरिक्षक प्रकाश थापाले जानकरी दिए।

उनले लागूऔषधसहित प्रहरीले मोटरसाइकल चालक जिराभवानी-५ बस्ने २५ वर्षका दिलिप प्रसाद राय र पछाडी सवार सोही वडाका २२ वर्षीय राजविध्या



प्रसाद खा थारुलाई पक्राउ गरेको बताए।

पक्राउ परेका आरोपितहरुलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्साको जिम्मा लगाइएको प्रहरीले जनाएको छ।

सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं

- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालमा आउने झुठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८